# स्थानीय - राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड ६ | संख्या ५ | मिति २०७९/०७/१५

भाग २

## भरतपुर महानगर पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७९

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर चितवन

बागमती प्रदेश नेपाल

# भरतपुर महानगर पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९/०७/०२

प्रमाणिकरण मितिः२०७९/०७/१५

**प्रस्तावनाः**

पशुपन्छी एवं मत्स्यपालन व्यवसाय भरतपुर महानगरपालिकाको आर्थिक विकास कृयाकलापको महत्वपूर्ण अंगको रूपमा रहेको छ। मानवीय जीवनमा जिविकोपार्जन, स्वरोजगार देखि पूर्ण व्यवसायिक पेशाको रूपमा समेत स्थापित भैसकेको यो व्यवसाय देशको आर्थिक मेरुदण्डको रूपमा उभिएको छ। भरतपुर महानगरपालिका व्यवसायिक पशुपन्छी तथा मत्स्य पालनको मूख्य केन्द्रको रूपमा विकसित भएको छ र यो व्यवसायलाई थप व्यवसायिक, प्रविधिमैत्री एवं वातावरणमैत्री बनाउँदै लैजान जरूरी छ। भरतपुर महानगरपालिकाबाट सञ्चालन गरिने पशु सेवाका कार्यक्रमहरूलाई थप प्रभावकारी, पारदर्शी, जवाफदेही, उत्तरदायी एवं गुणस्तरयुक्त रूपमा कार्यान्वयन गर्न भरतपुर महानगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को व्यवस्था अनुरूप " **पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९** जारी गरेको छ।

**परिच्छेदः १ संक्षिप्त नाम र प्रारम्भ**

क. यस कार्यविधिको नाम " **पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९**" रहेको छ।

ख. यो कार्यविधि भरतपुर महानगरपालिको क्षेत्रभित्र लागू हुनेछ।

ग. यो कार्यविधि आर्थिक वर्ष २०७९/०८०, २०७९ साल श्रावण १ गतेदेखि देखि लागू हुनेछ।

**परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

क. **"महानगरपालिका"** भन्नाले भरतपुर महानगरपालिकालाई जनाउनेछ।

ख. **"कार्यपालिका"** भन्नाले भरतपुर महानगरपालिको कार्यपालिकालाई जनाउनेछ।

ग. **"प्रमुख"** भन्नाले भरतपुर महानगरपालिकाको प्रमुखलाई जनाउनेछ।

घ. **"उपप्रमुख"** भन्नाले भरतपुर महानगरपालिकाको उपप्रमुखलाई जनाउनेछ।

ङ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ।

च. **"महाशाखा प्रमुख"** भन्नाले भरतपुर महानगरपालिकाको आर्थिक विकास महाशाखा प्रमुखलाई जनाउनेछ

छ. **"आर्थिक विकास समिति"** भन्नाले भरतपुर महानगरपालिकाको आर्थिक विकास समितिलाई जनाउनेछ।

ज. **"शाखा"**भन्नाले भरतपुर महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखालाई जनाउनेछ।

झ. **"शाखा प्रमुख"** भन्नाले भरतपुर महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाको प्रमुखलाई जनाउनेछ।

ञ. **"मूल्यांकन समिति"** भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम गठित समितिलाई जनाउनेछ।

ट. **"सेवाकेन्द्र"** भन्नाले भरतपुर महानगरमा सञ्चालित पशु सेवा केन्द्रहरू र एकीकृत कृषि तथा पशु सेवा केन्द्रहरूलाई समेत जनाउनेछ।

**परिच्छेदः २**

**उद्देश्य**

क. महानगरपालिकाबाट सञ्चालन हुने पशु सेवा कार्यक्रम कार्यान्वय प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउने।

नगर प्रमुख

नगर प्रमुख

ख. पशुपन्छीपालन व्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने।

ग. अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिकयुक्त बनाई निस्पक्ष र पारदर्शी बनाउने।

घ. सेवा प्रवाहको प्रकृयालाई सरल, निस्पक्ष र प्रणालीयुक्त बनाउने।

पशु स्वास्थ तथा रोग निदान प्रकृयालाई गुणस्तरीय बनाउने ।

ङ. लाभग्राहीहरूको छनौट प्रकृयालाई स्पस्ट र पारदर्शी बनाउने।

## परिच्छेदः ३
## कार्य सञ्चालन प्रकृया

### ३.१ नयाँ फार्म/स्रोतकेन्द्र/बृडर फार्म स्थापना तथा सञ्चालन कार्यक्रम

यो कार्यक्रमको प्रमुख उद्देश्य नयाँ फार्म स्थापना गरी सञ्चालन गर्नु रहने छ। यस कार्यक्रमबाट बाख्राको बृडर फार्म/स्रोत केन्द्र स्थापना एवं ग्रामिण कुखुरा यूवा लक्षित कार्यक्रमहरू कार्यान्वयन गरिने छ।

### ३.१.१ नयाँ फार्म स्थापनाका लागि यूवा लक्षित ग्रामिण कुखुरा विकास कार्यक्रम

साना व्यवसाय स्थापना तथा प्रवर्द्धनको माध्यमबाट स्वरोजगारमा आउन चाहने यूवाहरूलाई कुखुरापालन व्यवसाय स्थापना तथा सञ्चालन गर्न प्रति व्यवसायि अधिकतम रू. २,००,०००।- (दुई लाख रूपैंया) सम्म अनुदान सहयोग गरिने छ। वैदेशिक रोजगारीबाट फर्केका र रोजगारी नभएका यूवाहरूलाई प्राथमिकता दिइनेछ। यो अनुदान रकमबाट अधिकतम रू. एक लाख पचास हजारसम्म जैविक सूरक्षा व्यवस्थापन सहितको खोर र संरचना निर्माण, यान्त्रीकरण र दाना-पानी दिने भाँडा खरिदमा खर्च गर्न सकिने छ र पचास हजारसम्म चल्ला खरिदमा खर्च गर्न सकिने छायो कार्यक्रममा सहभागी हुन चाहने प्रस्तावकले न्यूनतम १०० गोटा स्थानीय जातका कुखुरा पाल्ने योजना सहित तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ। यस कार्यक्रममा छनौट हुने कृषकले ग्रामिण कुखुरा बाहेक टर्की र लौकाट व्यवसाय गर्न चाहेमा उक्त व्यवसाय सञ्चालन गर्न सक्ने छन्। यो कार्यक्रममा छनौट हुने व्यवसायिले महानगरपालिकाबाट उपलब्ध भए सरहको रकम आफ्नो तर्फबाट पनि लगानी गर्नु पर्नेछ। प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा मेरिटका आधारमा लाभग्राहीको छनौट गरिने छ। सम्बन्धित वडा कार्यालयले छनौट भएका लाभग्राहीले योजना कार्यान्वयन गरेको अनुगमन गर्नु पर्नेछ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः**

१. निजी जग्गा वा भाडामा लिने भए जग्गाधनीसँग भएको संझौता भाडाकर सहित लालपूर्जाको प्रतिलिपी पेश गर्नु पर्नेछ। फार्म स्थापना र सञ्चालनका लागि न्यूनतम् ५ कठ्ठा जमिन हुनुपर्नेछ।

२. उमेर १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको।

३. नेपाली नागरिकताको प्रमाणपत्र।

४. सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको जैविक सूरक्षा व्यवस्थापन सहितको खोर र संरचना निर्माण कार्यको प्रमाणित लागत अनुमान।

५. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।

६. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र।

७. कार्यक्रममा छनौट भएमा संझौता गर्नुपूर्व तपसिलका थप कागजात पेश गर्नुपर्नेछःक.महानगरपालिका वा सम्बन्धित वडा

क. कार्यालयमा फार्म दर्ता गरी प्रमाणपत्रको प्रतिलिपी

ख. आन्तरिक राजश्व कार्यालयमा पान दर्ता गरी प्रमाणपत्रको प्रतिलिपी

### ३.२ गोठ/खोर सुधार तथा जैविक सूरक्षा व्यवस्थापनमा सहयोग कार्यक्रम

नगर प्रमुख

नगर प्रमुख

यस कार्यक्रमबाट व्यवसायिक गाइभैंसी एवं बाख्रा फार्म सञ्चालन गरिरहेका व्यवसायिहरूलाई व्यवसाय प्रवर्द्धन एवं जंगली जनावरबाट हुने जोखिम न्यूनिकरण गर्न जैविक सूरक्षाका लागि प्रति व्यवसायि अधिकतम रू. १,००,०००।– (एक लाख रूपैंया) सम्म अनुदान सहयोग गरिने छ । यो अनुदान रकमबाट गोठको संरचना सुधार, तारबार र गेट सहितको पूर्ण जैविक सूरक्षा व्यवस्थापन गर्नुपर्नेछ । यो कार्यक्रममा छनौट हुने व्यवसायिले महानगरपालिकाबाट उपलब्ध भए सरहको रकम आफ्नो तर्फबाट पनि लगानी गर्नु पर्नेछ । स्वीकृत कार्यक्रम परिमाणको ७५% गाइभैंसी फार्म र २५% बाख्रा फार्म सुधार/व्यवस्थापनमा कार्यान्वयन गरिने छ र स्वीकृत परिमाणको ४०% साना कृषक, ३५% मझौला कृषक र २५% ठूला कृषकहरूलाई सहयोग उपलब्ध गराइने छ । तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ । प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा मेरिटका आधारमा लाभग्राहीको छनौट गरिने छ । सम्बन्धित वडा कार्यालयले छनौट भएका लाभग्राहीले योजना कार्यान्वयन गरेको अनुगमन गर्नु पर्नेछ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता भएको प्रमाण पत्र ।
२. आन्तरिक राजश्व कार्यालयमा दर्ता/नविकरण भएको प्रमाणपत्र ।
३. नेपाली नागरिकताको प्रमाणपत्र ।
४. पशु विमा गरेको प्रमाण ।
५. सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको जैविक सूरक्षा व्यवस्थापन सहितको संरचना निर्माण कार्यको प्रमाणित लागत अनुमान ।
६. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।
७. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र ।

**३.३ एक वडा एक पशु फार्म आधुनिकीकरण कार्यक्रम**

महानगरका वडाहरूमा नमुनायुक्त आधुनिक पशुपालन फार्महरुको स्थापना र संचालन गर्दै पशुपालन व्यवसायको पूर्ण व्यवसायीकरण गर्न यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । प्रत्येक वर्ष कम्तिमा दश वटा वडाहरूमा यो कार्यक्रम कार्यान्वियन गर्दै लगिने छ । नमुना फार्म स्थापना गर्दा गाई, भैंसी र बाख्रा फार्महरूको स्थापनालाई प्राथमिकता दिइने छ । प्रत्येक वर्ष कार्यक्रम कार्यान्वयनका लागि वडाहरूको छनौट प्रमाणीकरण आर्थिक विकास समितिको परामर्शमा महानगर प्रमुखबाट हुनेछ । छनौट भएको प्रत्येक वडाका प्रस्तावकहरू बिच वडागत प्रतिस्पर्धात्मक मूल्यांकन प्रणालीबाट मेरिटका आधारमा लाभग्राहीको छनौट गरिने छ । प्रति फार्म आधुनिकीकरणका लागि महानगरबाट अधिकतम रू. पाँच लाख अनुदान सहयोग उपलब्ध गराइने छ र सोही रकम बराबरको लगानी व्यवसायीले पनि गर्नुपर्ने छ । यसरी स्थापना हुने फार्म आधुनिक नमुनायुक्त, सुविधायुक्त र उत्पादन लागत न्यूनिकरण गर्ने दिशामा केन्द्रित हुनुपर्नेछ । यस कार्यक्रममा छनौट हुने लाभग्राहीले महानगरबाट उपलब्ध हुने अनुदान रकम पूँजिगत शिर्षकहरू (गोठ निर्माण, जैविक सूरक्षाका लागि तारबार र गेट निर्माण, यन्त्रीकरण आदि) मा मात्र खर्च गर्न सक्नेछन् । यो कार्यक्रममा सहभागी हुन चाहने व्यवसायिक कृषकले गाइभैंसीको हकमा न्यूनतम १० माउ पालेको हुनुपर्नेछ र कार्यक्रममा छनौट भएमा थप ५ माउ खरिद गर्नुपर्नेछ भने बाख्राको हकमा न्यूनतम २० माउ पालेको हुनुपर्नेछ र कार्यक्रममा छनौट भएमा थप २० माउ खरिद गर्नुपर्नेछ । यसरी थप खरिद गरिने पशुको विमा गरी सो को जानकारी शाखामा उपलब्ध गराउनु गर्नेछ । तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ र प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राहीको छनौट गरिने छ । सम्बन्धित वडा कार्यालयले छनौट भएका लाभग्राहीले योजना कार्यान्वयन गरेको अनुगमन गर्नु पर्नेछ।

नगर प्रमुख

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. निजी जग्गा वा भाडामा लिएको भए जग्गाधनीसँग भएको संझौता भाडाकर सहित लालपूर्जाको प्रतिलिपी पेश गर्नु पर्ने छ । फार्म स्थापना र सञ्चालनका लागि गाइभैंसी फार्मको हकमा न्यूनतम् १ विगाह र बाख्राको हकमा न्यूनतम ५ कठ्ठा जमिन हुनुपर्नेछ ।
२. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाणपत्र ।
३. आन्तरिक राजश्व कार्यालयमा पान दर्ता गरेको प्रमाण र करचुक्ताको प्रमाण ।
४. उमेर १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको ।
५. नेपाली नागरिकताको प्रमाणपत्र ।
६. सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको गोठ निर्माण, जैविक सूरक्षाका लागि तारबार र गेट निर्माण कार्यको प्रमाणित लागत अनुमान ।
७. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।
८. पशु विमा गरेको प्रमाण ।
९. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र ।

**३.४ कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरसँगको सहकार्यमा वडास्तरमा विज्ञ सेवा प्रवाह**

तुलनात्मक रूपमा शाखा र सेवाकेन्द्रहरूबाट प्रत्यक्ष सेवा प्रवाह हुन नसकेका आर्थिक विकास समितिबाट पहिचान गरिएका वडाहरूमा महानगरले कृषि तथा **वन विज्ञान विश्वविद्यालय** रामपुरसंग सहकार्य गरी विज्ञहरूबाट सेवा प्रवाह गर्ने छ । यस कार्यक्रममा विनियोजित बजेटबाट महानगरले तोके अनुसार विज्ञहरूलाई न्यूनतम पारिश्रमिक र सेवा प्रवाहका लागि आवश्यक पर्ने सामग्रीहरू खरिदगर्न सकिने छ ।

**३.५ सहकार्यमा सामुदायिक चौपाया पशुवस्तु व्यवस्थापन कार्यक्रम (गौशाला निर्माण र व्यवस्थापन)**

अनुत्पादक गाइ, बाच्छा एवं कहिलेकाँही बाच्छीहरूसमेत बेवारिसे अवस्थामा सार्वजनिक स्थानहरूमा छाडा छाडिदिने क्रम बढ्दो अवस्थामा रहेको र यसकै कारण शहरी सौन्दर्यमा बाधा र सडक दुर्घटना देखि कृषकहरूले लगाएका बालीनालीहरूको नोक्शानी समेत भैरहेको पाइन्छ । यसरी छाडा अवस्थामा रहेका सामुदायिक पशुवस्तुहरूको संरक्षण र व्यवस्थापन गर्न अत्यावश्यक भएकोले छाडा अवस्थामा रहेका सामुदायिक पशुवस्तुको समुचित व्यवस्थापन र कृषकहरूको पशुवस्तु अनुत्पादक भएको अवस्थामा गौशालामा बुझाइने अवस्थामा समेत सहकार्यमा यो कार्य गर्न चाहने संघ/संस्था/समुहलाई महानगरबाट विनियोजित बजेटको परिधिमा रही अधिकतम बीस लाख रूपैंया सम्म अनुदान सहयोग उपलब्ध गराइने र बाँकी रकम साझेदारले व्यवस्थापन गरी गौशालाको स्थापना र पशु कल्याणको दृष्टीकोणले न्यूनतम सुविधाहरूको पूर्ण व्यवस्थापन सहितको गौशाला सञ्चालन गर्नुपर्नेछ । महानगरबाट सूचना प्रकाशन भएपछी कार्यक्रममा सहभागी हुन चाहने संघ/संस्थाले तपसिलका कागजातका साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नु पर्नेछ । यसरी पेश हुने प्राविधिक एवं आर्थिक प्रस्तावनाहरूको खुला प्रतिस्पर्धात्मक मूल्यांकन प्रणालीबाट मेरिटको आधारमा साझेदारको छनौट गरिने छ । महानगरबाट उपलब्ध हुने अनुदान रकम तारबार फेन्सिङ्ग, गोठ लगायतका संरचना र भौतिक पूर्वाधार निर्माण, यान्त्रीकरण जस्ता पूँजिगत शिर्षकहरूमा मात्र खर्च गर्न सकिने छ । गौशाला स्थापनाका लागि जग्गाको व्यवस्थापन महानगरपालिकाले गरिदिनु पर्नेछ । फार्ममा अनुत्पादक भई फार्मबाट पशु हटाउन चाहने कृषकले आफ्नो फार्मदेखि गौशालासम्म स्वयंले पशु लैजाने र प्रवेश शुल्क वापत बाच्छाबाच्छीको हकमा प्रति पशु रू. १,०००।– र माउको हकमा प्रति पशु रू. १,५००।- गौशालालाई बुझाउनु पर्नेछ । यसरी कृषकले नगद सहित पशु बुझाउन ल्याएमा गौशालाले अनिवार्य रूपमा पशु बुझिलिनु पर्नेछ । कृषकले आफुखुशि पशु छाडा छोडिदिएर पछी त्यस्ता पशुको पशुधनि पहिचान भएको अवस्थामा महानगरले प्रवेश शुल्क

वापत रकमको दोब्बर जरिवाना लगाउन सक्नेछ। सम्बन्धित वडा कार्यालयले छनौट भएका लाभग्राहीले योजना कार्यान्वयन गरेको अनुगमन गर्नु पर्नेछ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. फार्म/संस्था दर्ता गरेको प्रमाण पत्र ।
२. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र।
३. सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र ।
४. प्रमाणित लागत अनुमान सहितको प्राविधिक र आर्थिक प्रस्तावना।
५. आफ्नो तर्फबाट लगानी गर्ने रकमको अंक समेत खुलेको प्रतिवद्धता पत्र।
६. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस एवं सहकारी संस्थाको हकमा महानगरपालिकाको सहकारी शाखाको सिफारिस।
७. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्य गर्ने प्रतिवद्धतापत्र।

**३.६ फार्म व्यवस्थापन तथा यान्त्रीकरण कार्यक्रम:**

वैज्ञानिक व्यवस्थापनयुक्त फार्मको निर्माण र सञ्चालन एवं फार्ममा यान्त्रीकरण गरी मानव श्रमको न्यूनिकरणको माध्यमबाट उत्पादन लागत घटाउने अभिप्रायले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। फार्म व्यवस्थापन तथा यान्त्रीकरण कार्यक्रममा प्रस्तावनाहरूको प्रतिस्पर्धात्मक मूल्यांकन प्रकृयाबाट मेरिटका आधारमा लाभग्राहीहरूको छनौट गरिने छ। वितरण गरिने यन्त्र-उपकरण लगायतका सामग्रीहरूको खरिद प्रकृया प्रचलित कानुन अनुसार गरिने छ। अपूर्तिकर्ता छनौट भएपछी स्वीकृत दररेटको आधारमा लाभग्राहीले तिर्नुपर्ने सहकार्य वापतको रकम लाभग्राहीबाट संकलन गरिने छ। आपूर्तिकर्ताबाट यन्त्र-उपकरण तथा सामग्री प्राप्त/जडान/सञ्चालन भएपछी लाभग्राहीबाट संकलित रकम नगदै र महानगरबाट भुक्तानी गर्नुपर्नेरकम चेक मार्फत भुक्तानी गरिने छ। सम्बन्धित वडा कार्यालयले छनौट भएका लाभग्राहीले योजना कार्यान्वयन गरेको अनुगमन गर्नु पर्नेछ।

**३.७ लागत साझेदारीमा मिल्किङ्ग मेशिन वितरण गर्ने**

यो कार्यक्रममा छनौट हुने व्यवसायिक कृषकलाई प्रति मेशिनका लागि खरिद मूल्यको ७५% ले हुने रकम वा विनियोजित रकमको दामसाहीले हुने रकम मध्ये जुन कम हुन्छ सोही सहयोग उपलब्ध गराइने छ। बाँकी रकम छनौट हुने व्यवसायिले लगानी गर्नुपर्नेछ। स्वीकृत वार्षिक परिमाणको ६०% मझौला कृषक र ४०% ठूला कृषकलाई वितरण गरिने छ। तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ। प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राहीको छनौट गरिने छ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाण पत्र ।
२. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र।
३. नेपाली नागरिकताको प्रमाणपत्र ।
४. कम्तिमा १० माउ (गाइभैंसी) पालन गरेको।
५. फार्ममा जैविक सूरक्षा प्रविधि अवलम्वन गरेको।
६. पशु विमा गरेको प्रमाण।
७. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।
८. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र।

### ३.८ लागत साझेदारीमा नल-पराल संकलन गर्ने मेशिन वितरण

नेपालमा पशु आहाराको न्यून उपलब्धताका कारण पशुपालन व्यवसायमा एकातिर आहारा आपूर्ति चूनौतिको रूपमा रहेको छ भने अर्कोतिर उपयुक्त प्रविधि प्रयोगको अभावमा कृषिजन्य उप-पदार्थहरू जस्तैः नल-पराल आदि जमिनमै आगो लगाइने गरिएको छ। यसरी आगो लगाउँदा पशु आहारा नोक्शानी हुनुको साथै माटोको मित्र किराहरू नष्ट हुन गई माटोको गुणस्तरसमेत ह्रास भैरहेको छ। यसरी खेर जाने नल-पराल संकलन गरी पशु आहारामा उपयोग गर्न यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। यस कार्यक्रममा छनौट हुने कृषकलाई प्रति मेशिन खरिद मूल्यमा ५०% वा विनियोजित रकमको दामासाहीले हुने रकम अनुदान सहयोग गरिने छ। यो अनुदान कार्यक्रममा ट्रलि सहितको ट्रयाक्टर भएका कृषक मात्र सहभागि हुन सक्ने छन्। हाल ट्रयाक्टर नभएको तर कार्यक्रममा छनौट भएमा आफ्नै लगानीमा ट्रलि सहितको ट्रयाक्टर खरिद गर्ने प्रतिवद्धता पेश गरेमा मूल्यांकन प्रकृयामा सहभागी गराइने छ। स्वीकृत परिमाणको ५०% मझौला कृषक र ५०% ठूला कृषकहरूलाई वितरण गरिने छ। तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ। प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राहीको छनौट गरिनेछ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाण पत्र ।
२. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र।
३. नेपाली नागरिकताको प्रमाणपत्र ।
४. कम्तिमा ५ माउ गाइभैंसी वा २० माउ बाख्रा पालन गरेको।
५. ट्रली सहितको ट्रयाक्टर भएको प्रमाण वा खरिद गर्ने प्रतिवद्धता पत्र।
६. पशु विमा गरेको प्रमाण।
७. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।
८. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र।

### ३.९ लागत साझेदारीमा घाँस काट्ने (Harvester) मेशिन वितरण

मानव श्रमशक्तिको उच्च मूल्य भएको वर्तमान परिवेशमा पशुपालन व्यवसायमा अत्यधिक उत्पादन लागतका कारण व्यवसाय निरन्तरतामा समस्या भैरहेको अवस्थालाई मध्यनजर गर्दै व्यवसायिक फार्महरूमा यान्त्रीकरण गर्दै जाने महानगरको नीति अनुरूप हरियो घाँस काट्ने Harvester मेशिन विनियोजित रकमको परिधिमा रही अधिकतम ५०% लागत साझेदारीमा उपलब्ध गराइने छ। बाँकी रकम लाभग्राहीले लगानी गर्नु पर्नेछ। यो अनुदान कार्यक्रममा ट्रलि सहितको ट्रयाक्टर भएका कृषक मात्र सहभागि हुन सक्ने छन्। हाल ट्रयाक्टर नभएको तर कार्यक्रममा छनौट भएमा आफ्नै लगानीमा ट्रलि सहितको ट्रयाक्टर खरिद गर्ने प्रतिवद्धता पेश गरेमा मूल्यांकन प्रकृयामा सहभागी गराइने छ। स्वीकृत परिमाणको ५०% मझौला कृषक र ५०% ठूला कृषकहरूलाई वितरण गरिने छ। तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नु पर्नेछ। प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राहीको छनौट गरिने छ

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाण पत्र ।
२. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र।
३. नेपाली नागरिकताको प्रमाणपत्र ।
४. कम्तिमा ५ माउ गाइभैंसी वा २० माउ बाख्रा पालन गरेको।
५. ट्रली सहितको ट्रयाक्टर भएको प्रमाण वा खरिद गर्ने प्रतिवद्धता पत्र।
६. पशु विमा गरेको प्रमाण।
७. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।

८. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र ।

**३.१० इलेक्ट्रीक च्याफकटर वितरण**

प्रति च्याफकटरका लागि खरिद मूल्यको ५०% ले हुने रकम वा विनियोजित रकमको दामासाहीले हुने रकम मध्ये जुन कम हुन्छ सोही सहयोग उपलब्ध गराइने छ । बाँकी रकम छनौट हुने व्यवसायीले लगानी गर्नु पर्ने छ । स्वीकृत परिमाणको ४०% साना कृषक, ३५% मझौला कृषक र २५% ठूला कृषकहरूलाई वितरण गरिने छ । तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ । प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राहीको छनौट गरिने छ ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाण पत्र ।

२. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र ।

३. नेपाली नागरिकताको प्रमाणपत्र ।

४. कम्तिमा ५ माउ (गाइभैंसी) पालन गरेको ।

५. पशु विमा गरेको प्रमाण ।

६. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।

७. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र ।

**३.११ लागत साझेदारीमा स्टेनलेस स्टिलको दुधको क्यान वितरण**

दुध मानवको लागि अपरिहार्य पूर्ण आहारा हो र यसको गुणस्तरमा ह्रास आएमा कुनैपनि प्रकारका संक्रमण हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न दुधको गुणस्तर व्यवस्थापन जरूरी हुन्छ । स्टेनलेस स्टिलको भाँडामा दुधको गुणस्तर कायम रहने हुँदा यसको प्रयोग व्यापक बनाउन अभिप्रेरित गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो । महानगरपालिकाबाट यसरी उपलब्ध गराइने क्यान निजीस्तरमा सञ्चालित व्यवसायिक गाइभैंसीपालन फार्म र निजी डेरीहरूलाई उपलब्ध गराइने छ । प्रति क्यानको खरिद मूल्यमा लागतको ८०% वा विनियोजित रकमको दामासाहीले हुने रकममध्ये जुन कम हुन्छ त्यही सहयोग उपलब्ध गराइने छ । बाँकी रकम छनौट हुने अनुदानग्राहीले लगानी गर्नुपर्नेछ । तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ । प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राहीको छनौट गरिने छ ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म/संस्था दर्ता गरेको प्रमाण पत्र ।

२. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र ।

३. नेपाली नागरिकताको प्रमाणपत्र ।

४. दैनिक कम्तिमा ५० लिटर दुध उत्पादन/संकलन/बिक्री, प्रशोधन र विविधिकरण गरेको ।

५. पशु बिमा गरेको प्रमाण ।

६. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।

७. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र ।

**३.१२ ह्वील ब्यारो वितरण**

फार्ममा सरसफाइ व्यवस्थापनमा सहजिकरणका लागि यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको छ । प्रति ह्वील ब्यारो अधिकतम रू. ६,०००।–अनुदान सहयोग गरिने छ । स्वीकृत परिमाणको ६०% साना कृषक र ४०% मझौला कृषकहरूलाई वितरण गरिने छ । तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ । प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राहीको छनौट गरिने छ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाण पत्र ।

२. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र।
३. नेपाली नागरिकताको प्रमाणपत्र ।
४. कम्तिमा ५ माउ (गाईभैंसी) पालन गरेको।
५. पशु विमा गरेको प्रमाण।
६. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।
७. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र।

**३.१३ दर्तावाल पशुपन्छी तथा फार्मको अभिलेख राख्ने**

महानगरका प्रत्येक वडाहरूमा दर्ता भई सञ्चालनमा रहेका पशुपन्छी फार्महरूको अभिलेख राख्न जरूरी भएकोले यो कार्यक्रम सञ्चालन गर्न लागिएको हो। प्रत्येक सेवाकेन्द्रहरूले आफ्नो कार्यक्षेत्रका वडाहरूमा दर्ता भएका फार्महरूको पशुपन्छी संख्या, जात, उत्पादन र बजारीकरण विवरण आदि उल्लेखित शाखाले उपलब्ध गराउने फर्मेट बमोजिमका विवरण संकलन गरी अभिलेख तयार गर्नु पर्नेछ र सो अभिलेख सम्बन्धित वडाबाट प्रमाणीकरण गरी शाखामा उपलब्ध गराउनु पर्नेछ। शाखाले फर्मेट तयार गर्दा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांक संकलन सम्बन्धि मार्गदर्शनको परिधिमा रही तयार गर्नुपर्ने छ।

**३.१४ सेवाकेन्द्र स्तरीय पशुपंछी प्रोफाइल तयारी**

महानगर अन्तर्गतका प्रत्येक सेवाकेन्द्रहरूले आफ्नो कार्यक्षेत्र अन्तर्गका वडाहरूमा पशुपशन्छी फार्म र पशुपन्छीजन्य पदार्थहरूको उद्योग, पसल, प्रशोधनकेन्द्र, बजार, उत्पादन सामग्री लगायतका शाखाले तयार गरी उपलब्ध गराउने फर्मेट अनुसारको प्रोफाइल तयार गरी सम्बन्धित वडाबाट प्रमाणीकरण गरी शाखामा उपलब्ध गराउनु पर्नेछ। दर्ता भएर वा नभई सञ्चालन भएका फार्म/व्यवसायहरूको अभिलेख समेत संकलन गर्नुपर्नेछ र दर्ता नभएकालाई दर्ता गर्न अभिप्रेरित गर्दै दर्ता नभएकाको विवण सम्बन्धित वडा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

**३.१५ घाँसको विउको सिड बैंक स्थापना र सञ्चालन:**

पशुपालन व्यवासायमा सहजिकरण र प्रवर्द्धनका लागि महानगरपालिकाले हिउँदे, वर्षे र बहुवर्षे घाँसका विउविजनहरू कृषकहरूलाई निशुल्क रूपमा वितरण गर्दै आएको छ। वर्षेनी विउ वितरणको कार्यलाई निरन्तर गरिरहँदा घाँसको विकास र उपलब्धतामा दिगो व्यवस्थापन हुन नसक्ने परिवेशलाई मध्यनजर गर्दै घाँसका विउविजनहरू निरन्तर वितरणको कार्यलाई स्थगित गरी सिड वैंक स्थापना गर्ने र सोही वैंक मार्फत भरतपुर महानगरपालिका भित्रका कृषकहरूलाई घाँसको विउको उपलब्धता सुनिश्चित गर्ने उद्देश्यले घाँसको विउको सिड वैंक स्थापना र सञ्चालन गर्ने कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। यो कार्यक्रम घाँसखेती विषयक कृषक समुह वा पशुपालनमा आवद्ध सहकारी संस्थाहरू मार्फत कार्यान्वयन गरिने छ। यो कार्यक्रममा सहभागि हुन चाहने ईच्छुक समुह वा सहकारीले सूचना प्रकाशन भएपछी शाखाले उपलब्ध गराउने निवेदन फर्मेट भरी सिड वैंक सञ्चालन गर्ने मोडेल सहितको प्रस्तावना पेश गर्नुपर्नेछ। प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा मेरिटका आधारमा साझेदारको छनौट गरिने छ। यो कार्यक्रममा छनौट हुने साझेदारले नेपाल सरकारबाट सिफारिस र स्वीकृत घाँसका प्रजातिहरू सरकारी दररेटमा नै बिक्री वितरण गर्नुपर्नेछ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा समुह/संस्था दर्ता गरेको प्रमाण पत्र।
२. आन्तरिक राजश्व कार्यालयमा पान दर्ता भएको र करचुक्ता गरेको प्रमाण।
३. अध्यक्ष/सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र।
४. संरचना निर्माण/मर्मत/संभार गर्नुपर्ने भए सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित लागत अनुमान।
५. सिड वैंक सञ्चालन गर्ने मोडेल सहितको विस्तृत प्राविधिक र आर्थिक प्रस्तावना।

नगर प्रमुख

६. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।

७. कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र ।

**३.१६ सिमान्तकृत समुदाय लक्षित पशु विकास कार्यक्रम**

आर्थिक दृष्टिकोणले पछाडी परेका सिमान्तकृत समुदायहरूलाई पशुपालनको माध्यमबाट पेशा व्यवसायमा आवद्ध गरी उनिहरूको आय-आर्जनमा टेवा पुर्याउने र जीवनस्तर उकास्ने अभिप्रायले यो प्याकेज कार्यक्रम कार्यान्वयन कार्यान्वयन गर्न लागिएको हो । यो कार्यक्रम कार्यान्वयन गर्दा तपसिलका प्रकृयाहरूको अवलम्वन गरिने छ ।

१. आर्थिक विकास समितिले कार्यक्रम स्थानको छनौट गर्नेछ ।

२. सम्बन्धित पशु सेवा केन्द्रले तोकिएको स्थानमा पूर्व सूचनाका आधारमा शाखा र वडा प्रतिनिधि समेतको उपस्थितिमा भेला गराई २० जना लक्षित कृषक छनौट गरी समुह गठन गर्नेछ ।

३. गठित समुहलाई कार्यक्रमको उद्देश्य वारे जानकारी गराइने छ ।

४. शाखा र सेवाकेन्द्र समेतको उपस्थितिमा समुहको वैठक बसी लक्षित समुहले बाख्रा, बंगुर वा कुखुरा (ड्युवल पर्पोज) मध्ये कुनै एउटा कम्मोडिटी छनौट गर्नुपर्नेछ ।

५. स्विकृत बजेटको परिधिभित्र रही समुहले छानेको कम्मोडिटी अनुसारका प्रजनन् योग्य बाख्रा/बंगुर वा कुखुराका चल्ला समुहले छनौट गरेको खरिद समिति (समुहले छानेका कम्तिमा दुई जना र सम्बन्धित पशु सेवा केन्द्रका प्रमुख समितिमा रहनु पर्नेछ) मार्फत खरिद गरी दामासाहीले सदस्य कृषकहरूलाई वितरण गरिने छ ।

    ५.१ खरिद प्रयोजनका लागि समुहको वैठकको निर्णय प्रतिलिपी सहित समुहले समुहको नाममा रहेको बैंक खातामा रकम जम्मा गरिदिन महानगरपालिकामा अनुरोध गर्नु पर्नेछ ।

    ५.२ समुहको वैठकको निर्णय सहितको पत्र र शाखाको सिफारिसका आधारमा महानगरपालिकाले समुहको खातामा रकम जम्मा गरिदिनेछ ।

    ५.३ समुहको वैठकको निर्णय अनुसार खरिद समितिलाई पेश्की उपलब्ध गराइ खरिद समितिले शाखाले तोकिदिएको मापदण्ड बमोजिमका बाख्रा/बंगुर वा कुखुराका चल्ला खरिद गरी शाखा र वडा कार्यालयका प्रतिनिधिहरूको रोहवरमा समुहका सदस्यहरूलाई वितरण गर्नु पर्नेछ ।

    ५.४ वडा कार्यालयले खरिद तथा वितरण कार्यको अनुगमन गर्नुपर्नेछ ।

६. सदस्य कृषकहरूलाई स्विकृत कार्यक्रम/बजेटको परिधिभित्र रही दाना, औषधि, खोप जस्ता आधारभूत सेवा निश्चित समयको लागि उपलब्ध गराइने छ ।

७. कृषकहरूलाई व्यवसाय सञ्चालानका लागि आधारभूत ज्ञान प्रदान गर्न १ दिने स्थलगत तालिम प्रदान गरिनेछ र कार्यक्रम कार्यान्वयनको चरणमा र सम्पन्न भएपछी स्थलगत अनुगमन गरिनेछ ।

८. कृषकहरूले पशुपन्छी प्राप्त गरि सकेपछी विमा गरी विमालेखको प्रतिलिपी शाखामा उपलब्ध गराउनु पर्नेछ ।

**३.१७ कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम**

पशु आनुवाँशिक स्रोत संरक्षणको माध्यमबाट कृषि पर्यटन प्रवर्द्धन गर्ने अभिप्रायले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । पर्यटनको दृष्टीकोणले महत्वपूर्ण स्थान खासगरी होमस्टे व्यवसाय संचालन भएका स्थानको पहिचान गरी कृषक समुहमा स्थानीय कुखुरापालन गराउने र एकातिर स्थानीय जातको कुखुराको संरक्षण र उपयोग सुनिश्चित गर्ने र यसको माध्यमबाट पर्यटन प्रवर्द्धन गरिने छ । यो कार्यक्रम कार्यान्वयन गर्दा तपसिलका प्रकृयाहरूको अवलम्वन गरिने छ

१. कार्यक्रम सञ्चालनको लागि आर्थिक विकास समितिले स्थानको छनौट गर्नेछ ।

२. सम्बन्धित पशु सेवा केन्द्रले तोकिएको स्थानमा पूर्व सूचनाका आधारमा शाखा र वडा प्रतिनिधि समेतको उपस्थितिमा भेला गराई २० जना लक्षित कृषक छनौट गरी समुह गठन गर्नेछ ।

३. गठित समुहलाई कार्यक्रमको उद्देश्य वारे जानकारी र १ दिने स्थलगत तालिम प्रदान गरिने छ ।



नगर प्रमुख

४. स्वीकृत बजेटको परिधिमा रही प्रत्येक सदस्यलाई कुखुराको खोर निर्माण गर्न अनुदान सहयोग उपलब्ध गराइने छ।
५. प्रति सदस्य ५० गोटाका दरले स्थानीय जातका चल्ला वितरण गरिने छ।
६. सदस्य कृषकहरूलाई स्विकृत कार्यक्रम/बजेटको परिधिभित्र रही दाना, औषधि, खोप जस्ता आधारभूत सेवा निश्चित समयको लागि उपलब्ध गराइने छ।
७. कार्यक्रम कार्यान्वयनको चरणमा र सम्पन्न भएपछी स्थलगत अनुगमन गरिनेछ।

### ३.१८ बाख्रा प्याकेज कार्यक्रम

देशमा मासु उपभोगको लागि वर्षेनी अरवौं रकमको खसी वोका आयात भैरहेको र विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डको हिसाबले नेपाल मासुमा आत्मनिर्भर नभएको परिवेशमा बाख्रापालनको माध्यमबाट मासु उत्पादन प्रवर्द्धन गरि मासुमा आत्मनिर्भर कार्यमा टेवा पुर्याउने र आर्थिक हिसाबमा पछाडी परेका समुदायको आय-आर्जन अभिबृद्धी गर्न यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको छ। यो कार्यक्रम कार्यान्वयन गर्दा तपसिलका प्रकृयाहरूको अवलम्वन गरिने छ

१. कार्यक्रम सञ्चालनको लागि आर्थिक विकास समितिले स्थानको छनौट गर्नेछ।
२. सम्बन्धित पृशु सेवा केन्द्रले तोकिएको स्थानमा पूर्व सूचनाका आधारमा शाखा र वडा प्रतिनिधि समेतको उपस्थितिमा भेला गराई २० जना लक्षित कृषक छनौट गरी समुह गठन गर्नेछ।
३. गठित समुहलाई कार्यक्रमको उद्देश्य वारे जानकारी र ३ दिने स्थलगत बाख्रापालन तालिम प्रदान गरिने छ।
४. स्वीकृत बजेटको परिधिमा रही प्रत्येक सदस्यलाई कम्तिमा २ गोटाका दरले माउ बाख्रा वा प्रजनन् योग्य पाठी खरिद गरी उपलब्ध गराइने छ।
५. समुहको निर्णय अनुसार सदस्य कृषकहरूलाई पायक पर्ने गरी वोकापालक ३ जना कृषक छनौट गरी ३ गोटा ७५% का वोयर वोका वितरण गरिने छ।
६. वोका तथा बाख्रा खरिद गरी सदस्यहरूलाई वितरण गर्न समुहले खरिद समिति गठन गर्नुपर्नेछ। खरिद समितिमा समुहले छानेका दुई जना र सम्बन्धित सेवा केन्द्रका प्रमुख रहनु पर्नेछ।
   ६.१ खरिद प्रयोजनका लागि समुहको वैठकको निर्णय प्रतिलिपी सहित समुहले समुहको नाममा रहेको बैंक खातामा रकम जम्मा गरिदिन महानगरपालिकामा अनुरोध गर्नु पर्नेछ।
   ६.२ समुहको वैठकको निर्णय सहितको पत्र र शाखाको सिफारिसका आधारमा महानगरपालिकाले समुहको खातामा रकम जम्मा गरिदिनेछ।
   ६.३ समुहको वैठकको निर्णय अनुसार खरिद समितिलाई पेश्की उपलब्ध गराइ खरिद समितिले शाखाले तोकिदिएको मापदण्ड अनुसारका वोका र बाख्रा खरिद गरी शाखा र वडा कार्यालयका प्रतिनिधिहरूको रोहवरमा समुहका सदस्यहरूलाई वितरण गर्नु पर्नेछ।
   ६.४ वडा कार्यालयले खरिद तथा वितरण कार्यको अनुगमन गर्नुपर्नेछ।
७. सदस्य कृषकहरूलाई स्विकृत कार्यक्रम/बजेटको परिधिभित्र रही दाना, औषधि लगायतका आधारभूत सेवा निश्चित समयको लागि उपलब्ध गराइने छ।
८. सिजन अनुसारका घाँसका विउ/वेर्नाहरू उपलब्ध गराइने छ र कृषकहरूले उक्त घाँसका विउ/वेर्नाहरू लगाई हुर्काउने र उपयोग गर्ने व्यवस्था गर्नुपर्नेछ।
९. कार्यक्रम कार्यान्वयनको चरणमा कम्तिमा २ पटक र सम्पन्न भएपछी १ पटक स्थलगत अनुगमन गरिनेछ।
१०. कृषकहरूले बाख्रा प्राप्त गरिसकेपछी बाख्राको विमा गरी विमालेखको प्रतिलिपी शाखामा उपलब्ध गराउनुपर्नेछ।

### ३.१९ पशु मेला प्रदर्शनी

१. प्रदर्शनी हुनुभन्दा कम्तिमा दश दिन अघिबाट प्रदर्शनी सम्बन्धि विस्तृत जानकारी सहितको प्रचार प्रसार गर्ने।

नगर प्रमुख

२. प्रदर्शनीमा सहभागी हुने पशु वस्तुहरूको मूल्यांकन गरी पुरस्कारको लागि सिफारिस गर्न विषय विशेषज्ञ सम्मिलित कम्तिमा तीन सदस्यीय मूल्यांकन समिति गठन गरी जानकारी गराउने ।

३. प्रदर्शनी हुने स्थानमा पशुवस्तुहरू राख्न पशु कल्याणका दृष्टिकोणले उपयुक्त संरचना सहितको प्रदर्शनी स्थल प्रदर्शनी हुनुभन्दा कम्तिमा एकदिन अगावै तयार गरिसक्ने

४. प्रदर्शनी स्थलमा पशुवस्तुको लागि आवश्यक पर्ने घाँस, दाना र सफा र स्वच्छ पिउने पानीको प्रबन्ध आयोजकले गर्नुपर्नेछ ।

५. पशुवस्तुका प्रत्येक विधा (गाई, भैंसी, भेडा, बाख्रा, बंगुर र घाँस) मा प्रथम, द्वितिय, तृतिय र सान्त्वना पुरस्कार वापत तोकिए बमोजिम नगद प्रमाण पत्र वितरण गर्ने ।

**३.२० मूल्यांकन प्रकृयामा प्राथमिकता**

प्रस्तावनाहरूको प्रतिस्पर्धात्मक मूल्यांकन प्रकृयामा महिला कृषक/उद्यमी/व्यवसायीहरूलाई प्राथमिकता दिइने छ ।

**३.२१ प्रति लिटर दुधमा रू. ३।– अनुदान दिने:**

आफ्नो फार्ममा गाइभैंसीपालन गरी उत्पादित दुध दुग्ध सहकारी संस्था वा अन्य आधिकारिक निकाय (Formal Channel) मा बिक्री गर्ने कृषकहरूलाई दुग्ध सहकारी संस्थामा आवद्ध कृषकहरूको हकमा सम्बन्धित सहकारी मार्फत र निजी व्यवसायिको हकमा सम्बन्धित व्यवसायिलाई प्रति लिटर दुधमा रू. ३।– अनुदान दिइने छ । आधिकारिक निकायमै बिक्री गरेतापनि अन्य कृषकसँग दुध खरिद गरी बिक्री गर्ने कृषक वा संस्थालाई यो अनुदान रकम उपलब्ध गराइने छैन । साथै फार्ममा भएका दुधालु पशु संख्या र प्रति पशु दुध उत्पादन क्षमताका आधारमा माग दावी गरिएको दुधको परिमाण अस्वभाविक देखिएमा त्यस्ता प्रस्तावना नै रद्ध गर्न सकिनेछ । अघिल्लो आर्थिक वर्षमा उत्पादन र कारोवार गरेको दुधको प्रमाणित अभिलेखका आधारमा यो अनुदान उपलब्ध गराइनेछ । यो अनुदान प्राप्त गर्न अघिल्लो वर्ष उत्पादन/कारोवार गरेको दुधको परिमाण यसवर्ष कम भएको हुनु हुँदैन । तथापि राष्ट्रियस्तरमै महामारीजन्य रूपमा कोविड-१९ संक्रमणका कारण उत्पन्न निशेधाज्ञा लगायतका विशेष परिस्थितीका कारण परिमाण कम भएको अवस्थामा अनुदान वितरण गर्न बाधा पर्ने छैन । तपसिलका कागजात साथ अनुसूचि-२ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ । प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राहीको छनौट गरिने छ ।छनौट भएका कृषकले प्राप्त गर्ने अनुदान रकम सम्बन्धित कृषकको बैंक खातामा जम्पा गरिनेछ ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

क. संस्था/फार्म दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपी । (फार्म/संस्था महानगर वा वडा कार्यालयमा दर्ता भएको हुनुपर्नेछ) ।

ख. आधिकारिक च्यानल (Formal Channel) मा दैनिक दुग्ध कारोवार गरेको प्रमाणित अभिलेख ।(आधिकारिक च्यानल भन्नाले दुग्ध उत्पादक सहकारी संस्था र नेपाल सरकारको स्वामित्वमा रहेको दुग्ध कारोवार गर्ने संस्था दुग्ध बिकास संस्थानलाई जनाउने छ) ।

ग. सहकारी संस्थाहरूले तपसिलको फर्मेट अनुसार कृषकको नामावली सहितको वार्षिक दुध संकलन विवरण प्रमाणित गरि पेश गर्नुपर्नेछ । यो फर्मेट अनुसारको विवरण युनिकोड फण्टमा टाइप गरी ई-कपी समेत शाखामा पेश गर्नुपर्नेछ ।

**तपसिल**

| क्र. सं. | कृषकको नाम | सम्पर्क नम्बर | बैंक खाता नम्बर | खाता रहेको बैंकको नाम | वार्षिक खरिद गरेको दुध लिटर | कृषकको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

घ. संस्थाहरूको हकमा वार्षिक साधारण सभा गरेको प्रमाण ।

ङ. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाणपत्र।

च. लेखा परिक्षण प्रतिवेदन ।

नगर प्रमुख

छ. सम्बन्धित वडा कार्यालय, महानगरको सहकारी शाखा र सम्बन्धित पशु सेवा केन्द्रको सिफारिस। निजी फार्मको हकमा सहकारी शाखाको सिफारिस आवश्यक नपर्ने।

ज. आवेदन दस्तुर वापत अनुदान दावी गरिएको रकम रू. एक लाखसम्म भए रू. १००।-, एकलाख माथि रू. पाँच लाखसम्म भए रू. ३००।– र रू. पाँच लाख माथि भए रू. ५००।– सम्बन्धित वडा कार्यालयमा तिरेको सक्कल राजश्व रसिद।

**३.२२ ७०% लागत साझेदारीमा काउम्याट वितरण**

पशुपालन व्यवसायमा पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्व अभिबृद्धी महत्वपूर्ण पक्ष हो। उत्पादन र उत्पादकत्व बृद्धी गर्ने विभिन्न प्रविधिहरूमध्ये पशुहरूको बसाई आरामदायी हुनुपर्ने पनि प्रमुख आवश्यकता हो। काउम्याटको प्रयोगबाट बसाई आरामदायी र खुर खिइने एवं त्यसकै कारणबाट खुरमा घाउ हुने समस्या समेत निराकरण हुन्छ। तसर्थ कृषकहरूलाई ७०% लागत साझेदारीमा काउम्याट वितरणको कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। कृषकहरूले काउम्याट प्राप्त गर्न तपसिलको योग्यता पुरा गरेको हुनुपर्नेछ। तर निर्वाहमूखि पशुपालक कृषकको हकमा फार्म तथा पान दर्ता हुन आवश्यक पर्दैन। प्रस्तावना पेश गर्ने वारेको सूचना प्रकाशन भएपछी कृषकले अनुसूचि-१ फारम भरी तोकिएका कागजात सहित शाखामा प्रस्तावना पेश गर्नुपर्नेछ। प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राहीको छनौट गरिने छ। छनौट भएका लाभग्राहीसँग शाखाले सम्झौता गर्नेछ। सम्झौता भएपछी लाभग्राहीले तोकिएको बजेट सिमाभित्र रही कम्तिमा तीनवटा काउम्याट विक्रेताबाट दररेट लिई सबैभन्दा कम दररेटमा काउम्याट खरिद गर्नेछन् र सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस सहितको निवेदन र काउम्याटको फोटो सहित खरिदको विल पेश गर्नेछन्। शाखाले स्थलगत अनुगमन गरी भुक्तानी सिफारिस गर्नेछ र महानगरपालिकाले भुक्तानी दिनेछ।कृषकहरूले पालेको गाईभैंसी माउको संख्याका आधारमा कृषकलाई तपसिल अनुसार चार वर्गमा विभाजन गरी सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गरिनेछ। स्वीकृत वार्षिक परिमाण र मागका आधारमा योग्यता पुरा गरेका कृषकहरूलाई पशु संख्याका आधारमा समानुपातिक हिसावले काउम्याट वितरणको संख्या निर्धारण गरिने छ। महानगरबाट रू. ५०,०००।– वा सोभन्दा बढीको अनुदान सहयोग प्राप्त गरेका कृषकले अनुदान प्राप्त गरेको आर्थिक वर्षबाट दुई वर्षसम्म प्रस्ताव पेश गर्न सक्ने छैनन्। तर प्रति लिटर दुधमा प्राप्त गरेको अनुदानका कारण यो कार्यक्रममा आवेदन पेश गर्न बाधा पर्नेछैन।

**कृषकको वर्गिकरण**

क. निर्वाहमूखि कृषकः माउ संख्या ५ भन्दा कम भएको।

ख. साना कृषकः माउ संख्या ५ देखि १० सम्म भएको।

ग. मझौला कृषकः माउ संख्या ११ देखि २० सम्म भएको।

घ. ठूला कृषकः माउ संख्या २१ वा सो भन्दा बढी भएको।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

क. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता भएको प्रमाण पत्र। फार्म दर्ता भएको मितिले १ वर्ष पुरा भएको हुनुपर्नेछ।

ख. आन्तरिक राजश्व कार्यालयमा दर्ता/नविकरण भएको प्रमाणपत्र।

ग. नेपाली नागरिकताको प्रमाणपत्र।

घ. पशु विमा गरेको प्रमाण।

ङ. आवेदन दस्तुर वापत सम्बन्धित वडा कार्यालयमा रू. १००।– नगद राजश्व तिरेको सक्कल रसिद।

च. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस।

**३.२३ यूवा लक्षित कार्यक्रम:**

यस कार्यक्रमबाट व्यवसायिक भेडाबाख्रापालन र बंगुरपालन गरिरहेका विद्यमान व्यवसायिहरूलाई व्यवसाय प्रवर्द्धनका लागि प्रति कृषक अधिकतम रू. २,००,०००।– (दुई लाख रूपैंया) सम्म अनुदान सहयोग गरिनेछ। यो कार्यक्रममा सहभागि हुन

नगर प्रमुख

चाहने व्यवसायीले भेडाबाख्राको हकमा न्यूनतम १० गोटा माउ र बंगुरको हकमा न्यूनतम ५ गोटा माउ पालन गरेको हुनु पर्नेछ । यो अनुदान रकमबाट जैविक सुरक्षा व्यवस्थापन सहितको खोर र संरचना निर्माण, यन्त्रीकरण, प्रजनन् योग्य वोका/थुमा/वीर र बाख्री/भेडी, भूनी खरिद गर्न सकिनेछ । पशु खरिद गर्नुपर्ने आवश्यकता भए अनुदान रकमको २५% सम्म रकम प्रयोग गर्न सकिने छ । यसरी थप खरिद गरिने पशुको विमा गरी सो को जानकारी शाखामा उपलब्ध गराउनु पर्नेछ । यो कार्यक्रममा छनौट हुने व्यवसायिले महानगरपालिकाबाट उपलब्ध भए सरहको रकम आफ्नो तर्फबाट पनि लगानी गर्नु पर्नेछ । व्यवासायीले लगानी गर्ने रकमको खर्च मापदण्ड पनि माथि तोकिए बमोजिम हुनेछ । तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन शाखामा पेश गर्नुपर्नेछ । प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा मेरिटका आधारमा लाभग्राहीको छनौट गरिने छ । महानगरबाट रू. ५०,०००।– वा सो भन्दा बढीको अनुदान सहयोग प्राप्त गरेका कृषक/व्यवसायीले अनुदान प्राप्त गरेको आर्थिक वर्षबाट दुई वर्षसम्म प्रस्ताव पेश गर्न सक्ने छैनन् ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

क. प्रस्तावकको उमेर १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको ।

ख. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म/व्यासाय दर्ता गरेको प्रमाण पत्र । (फार्म दर्ता भएको मितिले एक वर्ष पुरा भएको हुनुपर्नेछ) ।

ग. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाण।

घ. नेपाली नागरिकताको प्रमाणपत्र ।

ङ. भेडा/बाख्रा/बंगुर विमा गरेको प्रमाण ।

च. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।

छ. आवेदन दस्तुर वापत सम्बन्धित वडा कार्यालयमा रू. ३००।– नगद राजश्व तिरेको सक्कल रसिद

ज. छनौट भएपछी संझौता गर्ने समयमा सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको जैविक सुरक्षा व्यवस्थापन सहितको खोर र संरचना निर्माण कार्यको प्रमाणित लागत अनुमान पेश गर्नुपर्नेछ ।

**३.२४ ५० भन्दा बढी बाख्रापालन गर्ने कृषकलाई १० बाख्रा खरिदमा अनुदान दिने**

बाख्रापालन प्रतिको आकर्षण एवं गुणस्तरिय बाख्राको न्यून उपलब्धतालाई संवोधन गरी मासु उत्पादनको अभिबृद्धीका लागि यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । महानगरले प्रस्तावनाको औचित्यताका आधारमा प्रति फार्म १० गोटा बाख्रा खरिद गर्न अधिकतम एक लाख पचास हजार रूपैंयासम्म अनुदान सहयोग गर्नेछ । यो कार्यक्रममा सहभागी हुन चाहने प्रस्तावकले न्यूनतम ५० बाख्रा पालेको प्रमाणसहित तपसिलका कागजात साथ अनुसूचि-१ बमोजिमको निवेदन र प्रस्तावना शाखामा पेश गर्नुपर्नेछ । प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा मेरिटको आधारमा लाभग्राहीको छनौट गरिने छ । महानगरबाट रू. ५०,०००।– वा सो भन्दा बढीको अनुदान सहयोग प्राप्त गरेका कृषक/व्यवसायीले अनुदान प्राप्त गरेको आर्थिक वर्षबाट दुई वर्षसम्म प्रस्ताव पेश गर्न सक्ने छैनन् ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

१. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाणपत्र । वडामा फार्म दर्ता गरेको मितिले कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्नेछ ।

२. आन्तरिक राजश्व कार्यालयमा पान दर्ता र नविकरण गरेको प्रमाण ।

३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

४. कम्तिमा १५ माउ बाख्रा विमा गरेको प्रमाण ।

५. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।

६. आवेदन दस्तुर वापत वडा कार्यालयमा रू. ३००।– नगद तिरेको सक्कल रसिद ।



नगर प्रमुख

७. कार्यक्रममा छनौट भएको खण्डमा संझौता बमोजिम १० बाख्रा खरिद गरी उक्त बाख्राहरुको विमा गरेको विमालेख पेश गर्नु पर्नेछ।

### ३.२५ मत्स्य व्यवसाय प्रवर्द्धनमा सहयोग

महानगरपालिका भित्र सञ्चालित मत्स्य व्यवसाय प्रवर्द्धन गर्ने र मत्स्य उत्पादन अभिबृद्धी गर्ने उद्देश्यले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। मत्स्य पोखरी मर्मत/संभार, महाजाल, एरेटर, पानी तान्ने पम्प, मोटर/जेनेरेटर, सोलार बोरिङ जस्ता यान्त्रीकरण/सामग्री/औजार आदि खरिद र जडान, पोखरीमा पानीको व्यवस्थापन जस्ता प्रवर्द्धनात्मक क्षेत्रमा प्रति फार्म अधिकतम रू. तीन लाखसम्म अनुदान सहयोग उपलब्ध गराइने छ। यो अनुदान रकम उपलब्ध गराउँदा पोखरीको जलासय क्षेत्रफल १० कट्ठा सम्म भएकोलाई अधिकतम एक लाख, दश कट्ठा माथि एक विघासम्म भएकोलाई एक लाख पचास हजार, एक विघा माथि तीस कट्ठासम्म भएकोलाई दुइ लाख, तीस कट्ठा माथि चालीस कट्ठासम्म भएकोलाई दुइ लाख पचास हजार र चालीस कट्ठाभन्दा बढी भएकोलाई तीन लाखसम्म सहयोग उपलब्ध गराइने छ। लाभग्राहीले पनि सोही बराबरको रकम लगानी गर्नुपर्नेछ। पोखरीको जलासय क्षेत्रफल वडा कार्यालयका अमिन/सर्भेयरबाट प्रमाणित गराइ प्रस्तावनासाथ पेश गर्नुपर्नेछ। कार्यक्रममा सहभागी हुन चाहने कृषकले तपसिलका कागजातको साथमा शाखाले उपलब्ध गराउने अनुसूचि-१ फाराम भरी शाखामा प्रस्तावना पेश गर्नु पर्नेछ। प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राहीको छनौट गरिने छ। महानगरबाट रु ५०,०००।– वा सो भन्दा बढीको अनुदान सहयोग प्राप्त गरेका कृषक/व्यवसायीले अनुदान प्राप्त गरेको आर्थिक वर्षबाट दुई वर्षसम्म प्रस्ताव पेश गर्न सक्ने छैनन्।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

क. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाण पत्र। समुहको हकमा महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखामा समुह दर्ता भएको प्रमाण पत्र। दर्ता भएको मितिले एक वर्ष पुरा भएको हुनुपर्नेछ।

ख. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाण।

ग. नेपाली नागरिकताको प्रमाणपत्र।

घ. पोखरीको जलनसय क्षेत्रफल प्रमाणित गरेको कागजात।

ङ. सम्बन्धित वडा कार्यालय, पशु सेवा केन्द्र र महानगरस्तरीय मत्स्य व्यवसायी संघको सिफारिस।

च. आवेदन दस्तुर वापत पोखरीको क्षेत्रफल दश कट्ठासम्म भएकाको हकमा रू. १००।– र सो भन्दा बढी भएकाको हकमा रू ३००।– सम्बन्धित वडा कार्यालयमा राजश्व तिरेको सक्कल रसिद।

छ. मूल्यांकन समितिबाट छनौट भएमा सम्झौता गर्नु अघि पोखरी निर्माण/मर्मत-संभार गर्नुपर्ने भए सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित लागत अनुमान शाखामा पेश गर्नुपर्नेछ।

### ३.२५.१ व्यवसायिक मत्स्य फर्मको बिद्युत महसुलमा ५०% अनुदान

भरतपुर महानगरपालिका भित्र मत्स्य पालन व्यवसाय बढ्दो क्रममा रहेको र महानगर मत्य उत्पादनमा लगभग आत्म निर्भरको अवस्थामा पुगेको परिपेक्षमा मत्स्य व्यवसायमा अधिक मात्रमा बिद्युत प्रयोग गर्नु पर्ने अवस्था छ र नेपाल सरकारले कृषि प्रयोजनको लागि बिद्युत महसुल छुट गरेको तर मत्स्य व्यवसायमा बिद्युत महसुल छुट नभएको अवस्थामा भरतपुर महानगरपालिकाले महानगरपालिकामा व्यवशाय दर्ता गरि संचालनमा ल्याईएका माछा पोखरीहरुमा बिद्युत मिटरको प्रयोग गरि पानी लगाउने कार्य गर्दा लाग्ने बिद्युत महशुलमा ५०% अनुदान उपलब्ध गराईने छ। तर यस्तो मिटर बक्स अन्य प्रयोजनको लागि बिद्युत प्रयोग गरेको हुनु हुदैन। दर्तावाला फर्महरुले मिटर बक्स जडान गर्दा मत्स्य ब्यवसाय फर्मको नाममा जडान गर्नु पर्नेछ। अनुदान पाउनको लागि नेपाल बिद्युत प्राधिकरणमा नै भुक्तानि गरेकोनगदि बिल सक्कल पेश गर्नु पर्ने छ। हर्जना तिरेको रकमलाई महानगरले थप भार बेहोर्ने छैन साथै सोहि प्रकृतिको भुक्तानि अन्य क्षेत्रबाट अनुदान प्राप्त गर्ने फर्म/व्यवसायलाई यो अनुदान उपलब्ध गराईने छैन। व्यवसायिले आफ्नो ब्यवशाय दर्ता गरेको प्रमाण पत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र

सम्वन्धित व्यवसायिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।प्रत्येक बर्षको १ पटक सुचिकृतको लागि माछा पोखरीको संख्या र क्षेत्रफल खुल्ने गरि वडाको सिफारिसमा सम्वन्धित पशु सेवा केन्द्रहरु/शाखामा बुझाउनु पर्ने छ ।(यस कार्यक्रममा प्रस्ताव पेश गर्न फर्म दर्ता गरेको १ वर्ष अवधि पुग्नु पर्ने छैन) । पशु सेवा केन्द्र /शाखाले व्यवसाय/फर्महरुको रित पुगेका बिल भरपाईहरुलाई प्रत्येक फर्म/व्यवसायको चौमासिक लिष्ट तयार गरि शाखाको सिफारिसमा महानगरमा पेश गरे पस्चात महानगरले सम्वन्धित फर्म/व्यवसायको नाममा बैंक मार्फत नियमानुसारको रकम भुक्तानि गर्ने छ ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

क. महानगरले उपलब्ध गराएको फर्मेट अनुसारको सम्बन्धि ब्याक्ति वा फर्मको निवेदन ।
ख. नेपाल बिद्युत प्राधिकरणले जारि गरेको सक्कल बिल ।

**३.२६ पशु विमा प्रिमियममा अनुदान:**

पशुपन्छीको विमा गरी संभावित जोखिमबाट कृषकलाई बचाउने उद्देश्यले यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । पशुपन्छी विमागर्दा मूल्याङ्कन रकमको ५% ले कायम हुने विमा प्रिमियम रकमको १२.५% ले हुने रकम कृषकलाई अनुदान दिइनेछ । चालु आ.व. को असार १५ गते सम्मको विमा प्रिमियम अनुदान भुक्तानी चालु आ.व. मै र असार १६ गतेपछीको असार भरीको विमा प्रिमियम अनुदान आगामी आ.व. मा भुक्तानी गरिने छ । ब्रोइलर र लेयर्स जस्ता व्यवसायिक कुखुरा (Commercial Poultry) बाहेक अन्य घरपालुवा पशुको विमाका लागि यो अनुदान सहयोग उपलब्ध गराइने छ । यो अनुदान सहयोग प्राप्त गर्ने कृषकले निम्नानुसारका कागज़ात शाखामा पेश गर्नु पर्नेछ । अनुदान रकम कृषकको बैंक खातामा जम्मा गरिने छ ।

क. अनुदान रकम भुक्तानी माग गरेको निवेदन ।
ख. पशु विमा गरेको विमालेखको प्रतिलिपी (विमालेखमा विमालेख नम्बर र विमित पशुको ट्याग नम्बर अनिवार्य रूपमा उल्लेख भएको हुनुपर्नेछ) ।
ग. सम्बन्धित पशु सेवा केन्द्रको सिफारिस ।
घ. तपसिल अनुसारको विवरणहरु पेश गर्नुपर्ने छ ।

घ. १ पशु विमा सम्बन्धि विवरण

| क्र. सं. | कृषकको नाम | सम्पर्क नम्बर | गोठ रहेको ठेगाना | पशु विमा गरेको संख्या | बिमा अभिलेख नं | बिमाङ्क रकम | प्रिमियम रकम | १२.५ %ले हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

घ.२ बैंक खाताको विवरण

| क्र. सं. | कृषकको नाम | ठेगाना | बैंक खाता नम्बर | खाता रहेको बैंकको नाम | कृषकको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |

**३.२७ खसीबोका संकलन केन्द्र निर्माण तथा लक्षित समुहबाट परिचालन गर्ने ।**

भरतपुर महानगरपालिका व्यवसायिक बाख्रापालनको दृष्टिकोणले उल्लेख्य प्रगतिको अवस्थामा रहेको र महानगरपालिका क्षेत्रमा बजारको लागि उत्पादित खसीबोकाहरूको बजारीकरणको व्यवस्थापन गर्न जरूरी रहेको सन्दर्भमा बाख्रापालन व्यवसायमा संलग्न समुह वा सहकारीसँगको सहकार्यमा बिक्रीयोग्य खसीबोका संकलन केन्द्रको निर्माण गरी साझेदारबाट सञ्चालनको व्यवस्था गरिने छ । यो कार्यक्रम कार्यान्वयनका लागि महानगरपालिकाबाट अधिकतम रू. ८,००,०००/-

अनुदान सहयोग उपलब्ध गराइने छ र नपुग हुने बाँकी रकमको व्यवस्थापन साझेदार स्वयंले गर्नुपर्नेछ । भरतपुर महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखामा दर्ता भएको बा.ग्रापालन उद्देश्यको कृषक समुह वा सोही उद्देश्य रहेको सहकारी संस्थाले प्रस्तावना पेश गर्न सक्नेछन् ।पेश भएका प्रस्तावहरूको प्रतिस्पर्धात्मक बिधिबाट मूल्यांकन गरिने छ र छनौट भएको प्रस्तावकसँग सम्झौता गरी संकलन केन्द्र निर्माण र सञ्चालनको प्रबन्ध मिलाइने छ । संकलन केन्द्र निर्माणको लागि जग्गा व्यवस्थापनको कार्य प्रस्तावक स्वयंले गर्नुपर्ने छ । महानगरबाट रू. ५०,०००।– वा सो भन्दा बढीको अनुदान सहयोग प्राप्त गरेको समुह/सहकारीले अनुदान प्राप्त गरेको आर्थिक वर्षबाट दुई वर्षसम्म प्रस्ताव पेश गर्न सक्ने छैनन् ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

क. समुह/सहकारीको दर्ता प्रमाणपत्र । दर्ता भएको मितिले कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्नेछ ।
ख. आन्तरिक राजश्व कार्यालयमा पान दर्ता र नविकरण गरेको प्रमाण ।
ग. अध्यक्षको नागरिकताको प्रतिलिपी ।
घ. संकलन केन्द्र निर्माणको लागि जग्गा व्यवस्थापनको सुनिश्चितता हुने प्रमाण ।
ङ. कार्यक्रममा प्रस्तावना पेश गर्ने बारेको समुह वा सहकारीको बैठकको निर्णय प्रतिलिपी ।
च. वडा कार्यालयका ईञ्जिनियर/प्राविधिकबाट संकलन केन्द्र निर्माणको लागि तयार गरिएको प्रमाणित लागत अनुमान ।
छ. सहकार्यको लागि प्रस्तावकले व्यहोर्ने रकम र स्रोत खुलेको विवरण ।
ज. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।
झ. संकलन केन्द्र स्थापना र सञ्चालको मोडल सहितको प्राविधिक प्रस्तावना ।
ञ. आवेदन दस्तुर वापत सम्बन्धित वडा कार्यालयमा रू. ५००।– राजश्व तिरेको सक्कल रसिद ।

**३.२८ माछा-मासु पसल सुधारमा सहयोग कार्यक्रम**

महानगरबासीहरूलाई स्वस्थ्य र स्वच्छ माछा-मासु उपभोग गर्न पाउने वातावरण स्थापित र विस्तार गर्न जरूरी भएकोले माछा-मासु पसल सुधार गरी स्वस्थ्यकर वातावरणमा पसल सञ्चालन गराउन यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । कम्तिमा एउटा पसल सुधारका लागि महानगरबाट एक लाख रूपैंया सहयोग गरिने छ र छनौट हुने व्यवसायीले पनि सोही रकम बराबरको लगानी गर्नुपर्नेछ । यो रकमबाट पसलमा संरचना निर्माण/मर्मत-संभार, स्टेनलेस स्टीलका मासु काट्ने हतियार, स्ल्यावमा टायल/मार्वल लगाउने, डिपफ्रिज खरिद, डिजिटल तराजु जस्ता भौतिक पूर्वाधारको व्यवस्थापन एवं स्वच्छ र स्वस्थ्य व्यवस्थापनमा खर्च गर्न सकिने छ । महानगरबाट प्रस्तावना आव्हान भएपछी व्यवसायीले आफ्नो पसलमा सुधार गर्नुपर्ने कामको विवरण र रकम समेत खुलेको प्रस्तावना शाखाबाट उपलब्ध हुने अनुसूचि-१ फारमको साथमा शाखामा पेश गर्नुपर्नेछ । प्रतिस्पर्धात्मक मूल्यांकन विधिद्वारा लाभग्राही छनौट गरिने छ । महानगरबाट रू. ५०,०००।– वा सो भन्दा बढीको अनुदान सहयोग प्राप्त गरेका व्यवसायीले अनुदान प्राप्त गरेको आर्थिक वर्षबाट दुई वर्षसम्म प्रस्ताव पेश गर्न सक्ने छैनन् ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

क. महानगरपालिका वा सम्बन्धित वडा कार्यालयमा पसल/व्यवसाय दर्ता गरेको प्रमाण पत्र । दर्ता भएको मितिले कम्तिमा एक वर्ष पुरा भएको हुनुपर्नेछ ।
ख. आन्तरिक राजश्व कार्यालयमा दर्ता र नविकरण भएको प्रमाणपत्र ।
ग. नेपाली नागरिकताको प्रमाणपत्र ।
घ. दैनिक औषत कम्तिमा २० के.जि. मासु बेचबिखन गरेको वडा कार्यालयबाट प्रमाणित कागजात ।
ङ. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।
च. आवेदन दस्तुर वापत सम्बन्धित वडा कार्यालयमा रू. १००।– राजश्व तिरेको सक्कल रसिद ।
छ. पसल भाडामा सञ्चालन गरेको भए घरधनीसँगको कम्तिमा पाँच वर्षको भाडा संझौताको प्रतिलिपी र निजी भए घर भएको जग्गाको लालपूर्जाको प्रतिलिपी ।



नगर प्रमुख

ज. कार्यक्रममा छनौट भएमा संझौता गर्ने समयमा संरचना निर्माण/मर्मत/संभार गर्नुपर्ने भए सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित लागत अनुमान पेश गर्नु पर्नेछ

**३.२९ निर्वाहमूखि पशुपालन कार्यक्रमः**

आर्थिक हिसावले पछाडी परेका, रोजगारी नभएका तथा जिविकोपार्जनमा कठिनाई भोगिरहेका वर्गहरूलाई लक्षित गरी त्यस्ता वर्गको दैनिक जीवनयापनमा सहजीकरण गर्दे उद्देश्यले निर्वाहमूखि पशुपन्छीपालन कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो। यो कार्यक्रम कार्यान्वयन गर्दा एउटा वडामा कम्तिमा १५ देखि बढीमा २५ जनासम्म लक्षित वर्ग बाख्रापालन वा बंगुरपालन वा हाँस/कुखुरापालन समुहमा आवद्ध भएको हुनुपर्नेछ र उक्त समुह भरतपुर महानगरपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखामा दर्ता भई आन्तरिक राजश्व कार्यालयमा पान दर्ता गरेको हुनुपर्नेछ। पान दर्ता गरेको आर्थिक वर्ष पुरा भइसकेको भए नविकरण गरेको हुनुपर्नेछ। महानगरपालिकाबाट सूचना प्रकाशन भएपछी समुहले बैठकको निर्णय प्रतिलिपी सहित वडा कार्यालय र सेवाकेन्द्रको सिफारिस संलग्न गरी शाखामा निर्वाहमूखि पशुपालन कार्यक्रम उपलब्ध गराइदिन निवेदन पेश गर्नुपर्नेछ। शाखाको स्वीकृत कार्यक्रमको परिमाण भन्दा निवेदनको संख्या बढी भएमा शाखाले निवेदक समुहहरूको स्थलगत अनुगमन समेत गरी प्रतिस्पर्धात्मक विधिद्वारा मूल्यांकन गरेर कार्यक्रम कार्यान्वियनको लागि समुहको छनौट गर्नेछ। कार्यक्रममा छनौट हुने समुहले शाखासँग सम्झौता गरेपछी तपसिलका कार्यहरू गर्नु पर्नेछ। महानगरबाट रू. ५०,०००|– वा सो भन्दा बढीको अनुदान सहयोग प्राप्त गरेका कृषक/व्यवसायीले अनुदान प्राप्त गरेको आर्थिक वर्षबाट दुई वर्षसम्म प्रस्ताव पेश गर्न सक्ने छैनन्।

क) समुहको आर्थिक कारोवार सञ्चालनको लागि समुहको निर्णय अनुसार २ देखि ३ जनासम्मको पदाधिकारीहरूको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी समुहलाई पायक पर्ने बैंक/संस्था मा खाता सञ्चालन गर्नु पर्नेछ।

ख) निर्वाहमूखि पशुपन्छीपालन कार्यक्रम कार्यान्वयन गर्दा समुहमा बाख्रा वा बंगुर वा कुखुरा मध्ये के पाल्ने भन्ने विषयमा समुहको बैठकबाट छनौट गर्नु पर्नेछ। एउटा समुहमा एकै प्रजातिका पशुपन्छीपालन गर्नु पर्नेछ।

ग) समुहका सदस्यहरुले आफुले पाल्न प्रस्ताव गरेको कार्यक्रम मुल्याङ्कन समितिबाट छनौटमा परेमा कार्यक्रम सम्झौता पुर्व जैबिक सुरक्षा सहितको खोर निर्माण/मर्मत तथा आहारा ब्यवस्थापन आदि मिलाई सेवाकेन्द/शाखा को अनुगमन पछि मात्र संम्झौता गर्नु पर्ने छ।

घ) समुहका सदस्यहरूलाई पशुपन्छी खरिद गरी वितरण गर्न समुहले वैठक बसेर पेश्की रकम माग गर्ने निर्णय प्रतिलिपी र पेश्की उपलब्ध गराइदिन वडा कार्यालय तथा सेवा केन्द्रको सिफारिस सहित शाखामा पेश्की मागको निवेदन पेश गर्नु पर्नेछ।

ङ) समुहले शाखाको स्वीकृत कार्यक्रम अनुसारको पशु वा पन्छी खरिद र समुहका सदस्यहरूलाई समानुपातिक हिसावले वितरण गर्न समुहको वैठकबाट खरिद समिति गठन गर्नु पर्नेछ। यसरी गठन गरिने समितिमा समुहको तर्फबाट संयोजक एक जना र सदस्य कम्तिमा दुई जना हुनुपर्नेछ र पशुपन्छी खरिद गर्दा प्राविधिक दृष्टिकोणले उत्पादनशील र स्वस्थ्य भए नभएको वारे यकिन गर्न सम्बन्धित सेवाकेन्द्र प्रमुखको सहयोग लिनु पर्नेछ। खरिद समितिले पशुपन्छी खरिद कार्य सम्पन्न गरेपछी समुहले वडा कार्यालय, शाखा र सेवाकेन्द्र प्रमुखको प्रतिनिधित्वमा समुहका सदस्यहरूलाई समानुपातिक हिसाबले वितरण गर्नुपर्नेछ।

च) सदस्यहरूलाई पशु वितरण गरिसकेपछी समुहको अगुवाईमा वितरीत पशुहरूको विमा गराउनु पर्नेछ।

छ) तालिम तथा अनुगमनका काम कार्यक्रम तालिकामा बिनियोजन गरेको बजेट बाट शाखा/सम्वन्धित सेवाकेन्द्रका कर्मचारीहरुले पेश्कि लिएर सन्चालन गर्ने छन।

ज) खरिद समितिले पशुपन्छी खरिद र वितरणको कार्य सम्पन्न गरेपछी पशुपन्छी खरिद गरेको विल, पशुबिमा गरेको प्रमाण, वितरण गरेको भर्पाइ र पेश्की फछर्यौट् गरिदिन र भुक्तानी लिनुपर्ने भए रकम भुक्तानी दिन समुहको बैठकबाट अनुरोध

नगर प्रमुख

गरेको माइन्युटको प्रतिलिपी संलग्न गरी वडा कार्यालय र सेवाकेन्द्रको सिफारिस सहितको निवेदन शाखामा पेश गर्नु पर्नेछ।

समुहगत रूपमा निर्वाहमूखि पशुपन्छीपालन कार्यक्रम कार्यान्वयनका लागि महानगरपालिका र शाखाले तपसिल अनुसारको सहजिकरण गरिदिनु पर्नेछ।

क) समुहमा आवद्ध कृषकहरूलाई शाखाले पशुपन्छीपालन व्यवस्थापनको विषयमा स्थलगत तालिम/ अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

ख) समुहको माग एवं शाखाको सिफारिसका आधारमा महानगरपालिकाले समुहको खातामा महानगरको तर्फबाट खर्च गरिने रकमको अधिकतम ७० प्रतिसत पेश्की रकम दिन सक्ने छ ।

ग) सम्वन्धित स्थानको वडा कार्यालय, सेवाकेन्द्र र शाखाले पशुपन्छी खरिद, वितरण लगायतका समुहगत कृयाकलापहरूको स्थलगत अनुगमन गर्नुपर्नेछ ।

**समुहगत रूपमा सञ्चालन गरिने कार्यक्रमको विवरण (प्रति समुह)**

**बाख्रापालन गर्ने समुह**

| क्र.सं. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्थलगत तालिम/अभिमूखिकरण ३ दिने | पटक | १ | ४५००० | ४५००० | |
| २ | पोथी पशु खरिद र वितरण | वटा | ५० | १५००० | ७५०००० | |
| ३ | प्रजननका भाले पशु खरिद र वितरण | वटा | २ | ४३२५० | ८६५०० | |
| ४ | पशु ढुवानी | संख्या | ५२ | ६५ | ३३८० | |
| ५ | अनुगमन | पटक | १ | ५००० | ५००० | |
| ६ | पशु विमा गर्ने | संख्या | ५२ | | १०१२० | |
| ७ | परजिवि नियन्त्रण ,खोप | संख्या | ५२ | | ० | कृषकले बेहोर्ने |
| ८ | उपचार ब्यवस्थापन | संख्या | ५२ | | ० | कृषकले बेहोर्ने |
| ९ | खोर गोठ/मर्मत/निर्माण तथा जैबिक सुरक्षा ब्यवस्थापन | संख्या | ५२ | | ० | कृषकले बेहोर्ने |
| | दाना पानि ब्यवस्थापन | संख्या | ५२ | | ० | कृषकले बेहोर्ने |
| | | | | जम्मा | ९००००० | |

**बंगुरपालन गर्ने समुह**

| क्र.सं. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | महानगरले बेहोर्ने जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बंगुरकोबच्चा (पोथि) खरिद | वटा | १०० | ६५०० | ६५०००० | |
| २ | बंगुरकोबच्चा (भाले) खरिद | वटा | ४ | १५००० | ६०००० | |
| ३ | बंगुरढुवानि | वटा | १०४ | ३०० | ३१२०० | |
| ४ | बंगुरपालन तालिम ३ दिने | पटक | १ | ४५००० | ४५००० | |
| ५ | स्थलगत अनुगमन | पटक | १ | ५००० | ५००० | |
| ६ | बिमा | | १०४ | | ८८०० | |



नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | परजिवि नियन्त्रण ,खोप | संख्या | १०४ | | ० | कृषकले बेहोर्ने |
| ८ | उपचार ब्यवस्थापन | संख्या | १०४ | | ० | कृषकले बेहोर्ने |
| ९ | खोर गोठ/मर्मत/निर्माण तथा जैबिक सुरक्षा ब्यवस्थापन | संख्या | १०४ | | ० | कृषकले बेहोर्ने |
| १० | दाना पानि ब्यवस्थापन | संख्या | १०४ | | ० | कृषकले बेहोर्ने |
| | | | | जम्मा | ८००००० | |

### हाँस/कुखुरापालन गर्ने समुह

| क्र. सं. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्थानीय जातका ६ हप्ते चल्ला खरिद र वितरण | वटा | १२५० | ३०० | ३७५००० | |
| २ | हाँस/कुखुराढुवानी | पटक | १ | ५००० | ५००० | |
| ३ | हाँस/ कुखुरापालन तालिम ३ दिने | पटक | १ | ४५००० | ४५००० | |
| ४ | स्थलगत अनुगमन | पटक | १ | ५००० | ५००० | |
| ५ | परजिवि नियन्त्रण ,खोप | संख्या | १२५० | | ० | कृषकले बेहोर्ने |
| ६ | उपचार ब्यवस्थापन | संख्या | १२५० | | ० | कृषकले बेहोर्ने |
| ७ | खोर गोठ/मर्मत/निर्माण तथा जैबिक सुरक्षा ब्यवस्थापन | संख्या | १२५० | | ० | कृषकले बेहोर्ने |
| ८ | दाना पानि ब्यवस्थापन | संख्या | १२५० | | ० | कृषकले बेहोर्ने |
| | | | | जम्मा | ४३०००० | |

नोटः यो २५ जना सदस्य भएको समुहलाई निर्माण गरिएको कार्यक्रम हो। समुहको सदस्य २५ जना भन्दा कम भएमा सदस्य संख्या अनुसार बजेट पनि कम हुनेछ।

**३.३० पशु स्वास्थ्यकर्मी तथा ईन्सिमिनेटर (कृत्रिम गर्भाधानकर्ता) सुचिकृत, लगत अध्यावधिक र परिचयपत्र वितरण**

पशु स्वास्थ्यकर्मी तथा कृत्रिम गर्भाधानकर्ताहरुले गरेका कामहरुको प्रगति विवरण महानगरमा प्रतिवेदन गर्न, पशु स्वास्थ र कृत्रिम गर्भाधान सेवा प्रवाह गर्ने प्राइभेट पाराभेटहरूको नियमन गर्न, सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउन र सरकारी र निजीस्तरका प्राविधिकहरूबिच सहकार्यमा सेवा प्रवाह र विस्तार गर्न यो कार्यक्रम कार्यान्वयनलाई निरन्तर गर्न लागिएको हो। पशु स्वास्थ्यकर्मी तथा कृत्रिम गर्भाधानकर्ताहरूले महानगरमा दर्ताका लागि तपसिलका कागजात सहित निवेदन दिनु पर्नेछ। शाखाले नियमानुसार दर्ता गरी परिचयपत्र प्रदान गर्नेछ र सम्बन्धितसँग शाखाले संझौता गर्नेछ। महानगरमा दर्ता नभई प्रवाह गरिने सेवालाई आधिकारीक मानिने छैन र कृत्रिम गर्भाधानकर्ताको हकमा दर्ता नभएकालाई कृत्रिम गर्भाधान सामग्रीहरू उपलब्ध गराइने छैन। महानगरमा दर्ता भएका पशु स्वास्थ्यकर्मी र कृत्रिम गर्भाधानकर्ताहरूले संझौता बमोजिमका कार्यहरू सहित आँफुले प्रवाह गरेका सेवाहरूको मासिक प्रगति सम्बन्धित पशु सेवा केन्द्र मार्फत शाखामा पेश गर्नु पर्नेछ वा शाखाले उपलब्ध गराउने user ID र password को प्रयोग गरी सिधै सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ। कृत्रिम गर्भाधानकर्ताको हकमा दर्ता भएको समयले छ महिना अवधिमा मासिक औषत ३० पशुमा कृत्रिम गर्भाधान गर्नुपर्नेछ। तोकिएको समय र संख्यामा प्रगति पेश नगर्ने र नपुग्ने अवस्थामा दर्ता नविकरण गरिने छैन।

**आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू**

क. महानगरपालिका वा सम्बन्धित वडा कार्यालमा फार्म/व्यवशाय दर्ता/नविकरण गरेको प्रमाणपत्र ।
ख. नेपाली नागरिकताको प्रमाणपत्र ।
ग. सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।
घ. ईन्सिमिनेटरको हकमा कम्तिमा जेटिए वा सो सरह अध्ययन गरेको प्रमाणपत्र, कृत्रिम गर्भाधान तालिम लिएको प्रमाणपत्र र कृत्रिम गर्भाधान गर्ने अनुमति पत्र ।
ङ. अन्य सम्बन्धित विषयको शैक्षिक योग्यताको प्रमाण पत्र ।
च. नबिकरण गर्नुपर्दा चालु आ.व.को प्रथम चौमासिक अवधि भित्र वडा कार्यालयको सिफारिस र वडामा व्यवशाय वा फर्म नबिकरण गरेको प्रमाण र नविकरण गर्न नचाहनेको हकमा वडा कार्यालयबाट व्यवसाय बन्द गरेको प्रमाण लिनु पर्नेछ ।

**३.३१ कृत्रिम गर्भाधानको लागि सिमेन खरिद रिभल्भिङ्ग कोष स्थापना**

भरतपुर महानगरपालिका क्षेत्रका पशुहरूलाई कृत्रिम गर्भाधान सेवा प्रवाहको लागि सिमेन स्ट्र खरिद गर्नुपर्ने र उक्त सिमेनको राजश्व मूल्य सम्बन्धित कृषकबाट असूल गरिने वर्तमान व्यवस्थामा यसरी खरिद गरिने सिमेनको लागि शुरूवाती चरणहरूमा भुक्तानी गर्ने र खरिद एवं वितरणको अभिलेख सहित फरफारक गर्नेगरी एकपटकको लागि रू. १,००,०००।- (एक लाख रूपैंया) को सिमेन खरिद रिभल्भिङ्ग कोषको व्यवस्था गरिने छ र शाखाबाट कृत्रिम गर्भाधान कार्यक्रम कार्यान्वयनका लागि जिम्मेवार कर्मचारीको नाममा पेश्की र कार्य सम्पन्न पश्चात् उक्त पेश्की फर्छयौट् गर्ने गरी कोषको कार्यान्वयन गरिने छ ।

**३.३२ आकस्मिक पशु उपचार सेवा:**

पशुवस्तुहरूमा लाग्ने कुनै पनि प्रकारको महामारीजन्य रोगको उपचार तथा नियन्त्रणको व्यवस्थापन गर्न यो कार्यक्रम कार्यान्वयन गर्न लागिएको हो । यस कार्यक्रममा विनियोजित रकमबाट महामारीजन्य रोगको प्रकोप भएको अवस्थामा रोगको प्रकृति अनुसार आवश्यक पर्ने कुनैपनि प्रकारको औषधि, खोप एवं उपचार सामग्रीहरू तत्काल खरिद व्यवस्थापन एवं नमुना संकलन र परीक्षण गरी निदान भए अनुसारको पशु रोगको नियन्त्रणका प्रभावकारी कार्यहरू गरिनेछ ।

**३.३३ आकस्मिक तथा विविध पशु सेवा कार्यक्रम:**

पशुपन्छी तथा मत्स व्यवसाय पारिवारिक जिविकोपार्जन, रोजगारी सृजना देखि पूर्गत व्यवसायिक पेशाको रूपमा स्थापित भएको छ । देशको खाद्य सूरक्षादेखि राष्ट्रिय अर्थतन्त्रमा समेत यो क्षेत्रको ठोस योगदान रहेको छ । आर्थिक दृष्टकोणले महत्वपूर्ण रहेको पशु, पन्छी र मत्स्यपालनको क्षेत्रमा तपसिलको अवस्थामा यस कार्यक्रममा विनियोजित रकम खर्च गर्न सकिने छ ।

क. बाढी/पहिरो/भुकम्प/आगलागी जस्ता कुनै पनि प्रकारको दैवि प्रकोपका कारण आइपर्न सक्ने विपतको अवस्थामा पिडित कृषकलाई रू. ५०,०००।- सम्म क्षति भएको अवस्थामा क्षति रकमको २०% का दरले, रू. ५०,००१।- देखि रू. ५,००,०००।- सम्म क्षति भएको अवस्थामा १५% का दरले र रू. ५,००,०००।- माथि क्षति भएको अवस्थामा १०% दरले राहत क्षतिपूर्ति उपलब्ध गराइने छ । कुनै विशेष प्रकारको क्षती एवं हानी नोक्शानीको हकमा विशेष निर्णय गर्नुपर्ने अवस्था श्रृजना भएमा महानगर प्रमुखको निर्णयानुसार हुनेछ । राहत/क्षतिपूर्ति माग गर्दा तपसिलका कागजात सहितको निवेदन पेश गर्नु पर्नेछ ।

१. क्षतिको विषयमा गाउँ र प्रहरी सर्जमिन मुचुल्का
२. सम्बन्धित सेवा केन्द्रको क्षतिको मुल्य सहितको प्राविधिक रिपोर्ट र सिफारिस
३. सम्वन्धित वडा कार्यालयको सिफारिस ।

ख. महानगरपालिका क्षेत्रभित्र पशु, पन्छी एवं मत्स्य क्षेत्रमा कुनैपनि प्रकारको महामारी रोग फैलिएर नियमित पशु स्वास्थ्य व्यवस्थापनमा विनियोजित रकमले नपुग हुने स्थिती आएमा तथा अन्य कार्यक्रम कार्यान्वयनमा विनियोजित रकम खर्च भई थप आर्थिक दायित्व श्रृजना हुन गएमा महानगर प्रमुखको स्वीकृतिमा यो कार्यक्रममा विनियोजित रकमबाट महामारी

नियन्त्रणका लागि औषधि, खोप र उपचार सामग्रीहरू खरिद गर्न तथा थप आर्थिक दायित्व श्रृजना भएका कार्यक्रममा खर्च गर्न सकिने छ।

ग. स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख नभएका तर कृषकको माग तथा आवश्यकता संबोधन गर्नुपर्ने अवस्था श्रृजना भएमा, महानगर प्रमुखबाट निर्णय भए अनुसारका पशु, पन्छी र मत्स्य व्यवसाय सम्बन्धि कार्यहरू कार्यान्वयनमा खर्च गर्न सकिने छ।

### ३.३४ विभिन्न दिवसहरू मनाउने कार्यक्रम

पशुपन्छीजन्य व्यवसायलाई दिगो र मर्यादित बनाउँदै लैजाने क्रममा यस सम्बद्ध विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरका विश्व पशुपन्छी दिवस, राष्ट्रिय पोल्ट्रि दिवस, विश्व दुध दिवसहरू प्राथमिकताका साथ मनाइने छ। यसरी दिवसहरू मनाउँदा शाखाले एकल आयोजना गरेर वा पशुपन्छीजन्य व्यवसायिक कृषकहरूको संस्था/सञ्जालहरूसँगको संयुक्त आयोजनामा मनाउन सकिने छ। कार्यक्रममा विनियोजित रकमबाट तुल, ब्यानर, फ्लेक्स लगायतका जनचेतनामूलक प्रचार सामग्री, व्यवस्थापन कार्य र सहभागिहरूलाई चिया/खाजा उपलब्ध आदिमा खर्च गर्न सकिने छ।

### ३.३५ बहुवर्षिय घाँस विकास कार्यक्रम

भरतपुर महानगरपालिकाका कृषक / ब्यावशायिहरुले आफ्नो फार्ममा पशु पालन गर्दै आईरहेका छन। दाना पराल आदिमा भएको महङ्गाई र आभावले गर्दा उत्पादन लागत बढ्न गएकोले कृषकले सोचे जस्तो आम्दानि लिन नसकेको अवस्थामा महानगरले कृषकहरुले पालेका पशुहरुलाई उन्नत र पोषिलो बहुबर्षिय घाँसमा अनुदान उपलब्ध गराई घाँस उत्पादन बढाई कृषकले पालेका पशुको उत्पादन लागत कम होस भन्ने उदेश्यले यो कार्यक्रम संचालन गर्न लागिएको हो। यो कार्यक्रम संचालन गर्दा पशु पालन गरि रहेका ,पशुपालन गर्न चाहेँका र बहुवर्षिय भुईघाँसको ब्यवसाय गर्न चाहेका कृषकहरुलाई' मुल्याङ्कनको आधारमा छनौट गरि न्युनतम ३ कठ्ठा क्षेत्रफल देखि जति क्षेत्रफलमा लगाईएता पनि अधिकतम १ बिगाह (२० कठ्ठा ) सम्मको लागिँ बिनियोजित बजेट बाट छुट्टाईएको रकमले प्रति कठ्ठा अधिकतम रु ५०००/०० का दरले जम्मा खर्चको ७०% अनुदान दिईने छ। बहुबर्षिय भुईघास ५ वर्ष सम्म घासेबाली लिन सकिने भएकोले १ पटक कार्यक्रम परेका कृषक तथा फर्मले ५ वर्ष सम्म यसै कार्यक्रममा सहभागि हुन पाउने छैनन्। यस कार्यक्रममा प्रस्ताव पेश गर्न फर्म दर्ता गरेको १ वर्ष अवधि पुग्नु पर्ने छैन। मुल्याङ्कनबाट छनौटमा परेका कृषक ब्यवसायिले नया स्थानमा उन्नत वहुबर्षिय भुईघाँस लगाई सम्वन्धित प्राबिधिक संग क्षेत्रफल प्रमाणित गराई फर्म दर्ता नगरेको भएमा वडा कार्यालय र अन्तरिक राजस्व कार्यालयमा फर्म दर्ता गरि अनुसुचि ६ को फारम भरि सम्वन्धित वडा कार्यालयको सिफारिसमा बिल भरपाईका आधारमा नियामानुसार रकम उपलब्ध गराईने छ।

**प्रस्तावकको योग्यता एवं प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरू:**

झ. महानगरले उपलब्ध गराएको फर्मेट अनुसारको सम्बन्धि ब्याक्ति वा फर्मको निवेदन।

ञ. घाँस लगाउने जग्गाको लालपुर्जा यदि भाडामा भएमा कम्तिमा पनि ५ वर्षको सम्झौता पत्र।

ट. सुम्वन्धित ब्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलि.पि।

ठ. फर्म दर्ता गरेको भएमा फर्म दर्ता प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि।

ड. सम्बन्धित वडा कार्यालय,र पशु सेवा केन्द्रको सिफारिस।

### ३.३६ दुग्ध तथा दुग्ध पदार्थको रेकर्डिङ

महानगरपालिका भित्रका कृषक तथा ब्यवशायिहरुले दुग्ध उत्पादक सहकारी संस्था मार्फत कति जना कृषकले कति मात्रामा दुग्ध तथा दुग्ध पदार्थ बिक्रि गरिएको छ। त्यसको लेखा जोखा राख्ने र भरतपुर महानगरपालिकामा कति मात्रामा दुध उत्पादन

नगर प्रमुख

हुन्छ भन्ने रेकर्ड अध्यावधिक गर्न र महानगरबाट दिदै आएको दुध उत्पादनको आधारमा दिईएको अनुदानको अनुगमन तथा नियमन हुने हुदा यो कार्यक्रम गर्न लागिएको हो । महानगर भित्र दुध कारोवार गर्ने कृषकहरुको बिक्रि परिमाण निकाल्न सम्बन्धित सेवा केन्द्र/शाखाका कर्मचारीहरु प्रत्येक सहकारीमा गई मासिक कृषकले दुध बिक्रि गरे वापत रकम बुझेको भरपाईलाई अध्यायन गरी त्यस भरपाईको प्रतिलिपि तथा शाखाले बनाएको मासिक दुध उत्पादन फारम भरी सहकारी र पशु सेवा केन्द्रको प्रमुखले प्रमाणित गरि ल्याईने छ । सो फाराम भर्न र मासिक दुध उत्पादन रेकर्ड गर्न जाँदा खर्च हुने ईन्धन महानगरबाट ब्यहोरिने छ। प्राबिधिकहरुले मासिक दुध उत्पादन रेकर्ड फाराम र खर्च भएको ईन्धनको बिललाई शाखा प्रमुखको सिफारिसमा महानगरले प्रति सहकारीमा रेकर्ड लिए वापत अधिकतम १ लीटर ईन्धन उपलब्ध गराईने छ।

**३.३७ अनुदान कार्यक्रम कार्यान्वयन प्रकृया:**

क. अनुदान कार्यक्रमहरू विवरण उल्लेख गरी शाखाले महानगरपालिकाको वेवसाइट मार्फत ३० दिने सूचना प्रकाशन गर्नेछ र उक्त सूचना महानगरका सम्पूर्ण वडा कार्यालयहरू, शाखा र सम्पूर्ण सेवा केन्द्रहरूमा समेत टाँस गरिनेछ । साथै पत्रपत्रिका र एफ.एम. रेडियो मार्फत पनि सूचना प्रकाशन/प्रशारण गरिने छ ।

ख. तोकिए बमोजिमको मापदण्ड पुरा गरेका फार्म/संस्था/समुहहरूले सूचनामा तोकिएको म्याद भित्र अन्य कार्यक्रमहरूको हकमा अनुसूचि-१ बमोजिम र प्रति लिटर दुधमा रू. ३।– अनुदान कार्यक्रमको हकमा अनुसूचि-२ बमोजिमको विवरण र आवश्यक कागजात सहितको प्रस्तावना पेश गर्नुपर्नेछ । ( अनुदानका फर्महरू महानगरको बिद्युत्तिय दर्ता किताबमा दर्ता गरि पेश गर्नु पर्ने छ ।

ग. शाखाले पेश भएका प्रस्तावनाहरूको स्थलगत अनुगमन (फिल्ड भेरिफिकेसन) गर्नेछ ।

घ. पेश भएका प्रस्तावना र फिल्ड भेरिफिकेसनको तथ्यपरक सूचनाका आधारमा कार्यविधि सम्मत नठहरिएका प्रस्तावनाहरू रद्ध गरिने छ ।

ङ. व्यवसायिले संझौता बमोजिम कार्य सम्पन्न गरी कार्य सम्पन्नको प्रतिवेदन एवं सम्बन्धित वडा कार्यालय र पशु सेवाकेन्द्रको सिफारिस र लागत अनुमान पेश गरिएका कार्यक्रमहरूको हकमा सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित कार्य सम्पन्न प्रतिवेदन समेत नियमानुसारका विल भर्पाईहरू शाखामा पेश गर्नु पर्नेछ ।

च. पेश भएका प्रस्तावनाहरूको फिल्ड भेरिफिकेसन समेतबाट शाखाले मूल्यांकन र अंकभार अनुसार प्रारम्भिक मूल्यांकन सहितको विवरण महानगरपालिकाको मूल्यांकन समिति समक्ष पेश गर्नेछ ।

छ. कार्यबिधिमा छुट हुन गएमा मुल्याङ्कन फारमहरु महानगरबाट स्विकृत गराई लागु गरिने छ ।

ज. मूल्यांकन समितिले अन्तिम मूल्यांकन गरी नतिजा सार्वजनिक गरिनेछ ।

झ. मूल्यांकन प्रकृयाबाट छनौट भएका प्रस्तावकसँग सम्झौता गरि कार्यादेश दिइने छ ।

ञ. व्यवसायिले संझौता बमोजिम कार्य सम्पन्न गरी कार्य सम्पन्नको प्रतिवेदन एवं सम्बन्धित वडा कार्यालय र पशु सेवाकेन्द्रको सिफारिस र लागत अनुमान पेश गरिएका कार्यक्रमहरूको हकमा सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको प्रमाणित कार्य सम्पन्न प्रतिवेदन समेत नियमानुसारका विल भर्पाईहरू शाखामा पेश गर्नु पर्नेछ ।

ट. शाखाले अनुगमन गरी उपयुक्तताका आधारमा महानगरपालिकामा सिफारिस गर्नेछ र महानगरपालिकाबाट भुक्तानी गरिनेछ ।

ठ. माथि जुनै कुरा लेखिएता पनि काम सम्पन्न गरे पस्चात सेवा केन्द्रको सिफारिस पत्र भन्ने सब्दमा अनुसुचि ५.५ को फारम भर्नु पर्ने छ ।

नगर प्रमुख

## परिच्छेद ४
## आर्थिक प्रशासन सेवा

कार्यक्रमको लेखाँकन, कारोवार, लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ एवं भरतपुर महानगरपालिकाको स्थानिय कार्यक्रम संचालन निर्देशिका तथा नियमावली बमोजिम गरिने छ।

**१. फार्म दस्तुर:**

अनुदान कार्यक्रममा सहभागी हुन चाहने व्यवसायिहरूले प्रति अनुदान कार्यक्रम महानगरपालिकामा तपसिल अनुसारको शुल्क बझाउनु पर्नेछ। उक्त शुल्क तिरेको सक्कल रसिद पेश गरेर शाखाबाट दरखास्त फारम प्राप्त गर्न सकिने छ।

| क्र.सं. | अनुदान रकमको सिमा | फार्म दस्तुर रू. | कैफियत |
|---|---|---|---|
| १ | रू. १,००,०००।– सम्म | १००।- | |
| २ | रू. १,००,०००।– माथि रू. ५,००,०००।– सम्म | ३००।- | |
| ३ | रू. ५,००,०००।– माथि | ५००।- | |

**२. घाँसका विउ वेर्ना तथा कटिङ्ग्स/स्लिपहरू:**

प्रचलित बजारभाउ अनुसार।

**३. खोप लगाउने प्राविधिकलाई पारिश्रमिक:**

क. पशुवस्तुलाई खोप लगाउने प्राविधिक (निजी/सरकारी) लाई प्रति ठूला पशु रू. १०।- र प्रति साना पशु रू. ५।-

**४. सामुदायिक कुकुरहरूको बन्ध्याकरण कार्यक्रम**

क. प्रचार प्रसार, तुल/व्यानर आदि वापत रू. १०,०००।–

ख. सामान तथा लजिष्टिक रू. १०,०००।

ग. प्रति कुकुर बन्ध्याकरण खर्च (सामग्री, औषधि आदि) रू. २,०००।–

घ. विज्ञ/सर्जन तथा व्यवस्थापन सहयोगी पारिश्रमिक खर्च:

ङ.विज्ञ/सर्जन प्रतिव्यक्ति प्रति दिन रू. ३,५००।– (बढीमा २ जना प्रतिदिन)

च. व्यवस्थापन टिमः अधिकृतस्तर रू. २,०००।–(बढीमा ३ जना प्रतिदिन)

छ. व्यवस्थापन टिमः सहायक स्तर रू. १,२००।–(बढीमा ५ जना प्रतिदिन)

ज.खाजा खर्च प्रति व्यक्ति प्रति दिन रू. २००।–

झ. पोष्ट अपरेसन व्यवस्थापन खर्च एकमुष्ट रू. २५,०००।–

ञ. गाडी/इन्धन खर्च प्रतिदिन रू. १०,०००।–

**५. पशु मेला प्रदर्शनी:**

क. स्टल तथा संरचना निर्माण र भौतिक पूर्वाधार व्यवस्थापनः रू. ५०,०००।–

ख. प्रति विधा प्रथम रू. १०,०००।-, द्वितिय रू. ८,०००।-, तृतिय रू. ६,०००।– र सान्तवना रू. ४,०००।– का दरले छ विधामा जम्मा रू. १,६८,०००।–

ग. प्रचार/प्रसार खर्चः रू. १०,०००।–

घ. व्यवस्थापन खर्च (व्यानर, प्रमाण पत्र, चियापान आदि) रू. २५,०००।–

ङ. मूल्यांकन तथा व्यवस्थापन समितिलाई भत्ता/खाजा रू. १०,०००।–

च. इन्धन/ढुवानी र अन्य व्यवस्थापन खर्च रू. २२,०००।-

६. सेवाकेन्द्रस्तरीय प्रोफाइल तयार

क. प्रोफाइलका लागि तथ्यांक/सूचना संकलन पारिश्रमिक वापत प्रति वडा रू. ६,०००।– का दरले पारिश्रमिक उपलब्ध गराउने ।

७. दर्तावाल पशुपन्छी फार्मको रेकर्ड राख्ने

क. तथ्यांक संकलन गर्ने प्राविधिकलाई इन्धन, स्टेसनरी र खाजा लगायतको सुविधा वापतप्रति फार्मको तथ्यांक संकलनमा अधिकतम रू. १००।– का दरले पारिश्रमिक उपलब्ध गराउने ।

८ बाँझोपन निवारण घुम्ती घरदैलो शिविर (३ दिने)

घुम्ति शिविर संचालनको लागि आवश्यक सम्पूर्ण कृयाकलापहरु तपसिलमा उल्लेख भए बमोजिम १लाख रुपैया सम्ममासम्पन्न गर्नु पर्नेछ।

१. हर्मोन, औषधि, सप्लिमेन्ट आदि रू. ५२,०००।–
२. वाह्य विशेषज्ञको पारिश्रमिक १ जना * ३ दिन * ३,५००।– = रू. १०,५००।-
३. आन्तरिक विज्ञ/अधिकृतको पारिश्रमिक २ जना * ३ दिन * २,५००।- = रू. १५,०००।–
४. प्राविधिकको पारिश्रमिक १ जना * ३ दिन * १,५००।- = रू. ४,५००।–
५. कार्यालय सहयोगीको पारिश्रमिक १ जना * ३ दिन * १,०००।- = रू. ३,०००।-
६. चियापान खाजा खर्च ५ जना * ३ दिन * २००।- = रू. ३,०००।–
७. सवारी साधन/इन्धन खर्च ३ दिन * रू. ३,०००।- = रू. ९,०००।–
८. अन्य विविध खर्च (आवश्यकता अनुसार थप औषधि वा थप इन्धन खरिद गर्न सकिने छ) रू. ३,०००।-

९ दिने पशु स्वास्थ्य शिविर

शिविरसंचालनकोलागिआवश्यकसम्पूर्णकृयाकलापहरु तपसिलमा उल्लेख भए बमोजिम १लाखरुपैयासम्ममासम्पन्नगर्नुपर्नेछ।

| क्र.सं. | कृयाकलापहरु | लागत(रु.) |
|---|---|---|
| १ | पशु स्वास्थ्य शिविर सम्वन्धि प्रचार प्रसार -<br>क) मेडिया (छाँया, श्रव्य, श्रव्यदृष्य) तुल/ब्यानर ईन्धन/ सवारी आदी । | ५०००/– |
| २ | औषधी, खोप तथा अन्य सामग्री ब्यवस्थापन | ७०,०००/– |
| ३ | चियापान खाजा खर्च (औपचारिक कार्यक्रम समेत) | ३००० /– |
| ४ | अस्थायी ट्रेविज निर्माण तथा अन्य लजिस्टिक ब्यवस्थापन खर्च | ४,००० /– |
| | जम्मा | ८२००० /– |

पशुस्वास्थ्य तथा बाझोपन निवारण शिविरकालागिजानेविशेषज्ञ तथा प्राविधिक कर्मचारहरुको सेवा शुल्क तपसिल अनुसार हुनेछ ।

| क्र.सं. | विवरण | अधिकतम संख्या | | सेवा शुल्क रु. | | जम्मा रु. |
|---|---|---|---|---|---|---|
| | | आन्तरिक | वाह्य | आन्तरिक | वाह्य | |
| १ | पशुचिकित्सक/विशेषज्ञ पशु चिकित्सक | ३ | १ | २,५०० | ३,५०० | ११०००/- |
| २ | पशु स्वास्थ्य प्राविधिक | ४ | | १,५०० | १,५०० | ६,०००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | सहयोगी | १ | | १०००/०० | | १,०००/- |
| | | | | | जम्मा | १८०००/- |

## परिच्छेदः ५

## थपघट , हेरफेर वा खारेजि गर्न सक्ने

५.१ यो कार्यविधिनिरन्तर रूपमा कार्यान्वयन हुनेछ र कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन महानगरपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

५.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा, अवरोध र अस्पष्टता फुकाउने प्रयोजनका लागि महानगरपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्ने छ।

५.३ भरतपुर महानगरपालिकाको पशु सेवा कार्यक्रम कार्यन्वयन कार्यबिधि २०७७ र २०७८ (प्रथम संसोधन २०७८ समेत) खारेज गरिएको छ। सो कार्यविधि अनुसार भएगरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ।

५.४ यस कार्यबिधिमा समावेस हुन नसकेका कामहरुको हकमा प्रचलित कानुन अनुसार हुने छ।

## परिच्छेद – ६ विविध

६.१ महानगरपालिकाबाट कम्तिमा रू. ५०,०००।– माथिको कुनैपनि विधामा एक पटक अनुदान सहयोग प्राप्त गरेका अनुदानग्राहीले सोही विधामा पुनः अनुदान पाउने छैन र एक पटक अनुदान सहयोग पाएको समयले कम्तिमा २ (दुई) वर्षसम्म पुनः कुनैपनि कार्यक्रममा अनुदान सहयोग पाउने छैन। तर प्रति लिटर दुधर विमा प्रिमियम वापतको अनुदान प्राप्त गर्नेको हकमा र फरक फरक विधाको हकमा भने यो नियम लागु हुने छैन।

६.२ प्रस्तावकले प्रस्तावनासाथ पेश गरेको विवरण शाखाबाट स्थलगत अनुगमन गर्दा गलत पाइएमा स्थलगत अनुगमन गर्दाको विवरणलाई तथ्य मानी मूल्याङ्कन गरिने छ। जानीजानी झुठो विवरण दिई मूल्याङ्कन प्रकृयालाई प्रभावित गर्न खोजेको पाइएमा त्यस्ता व्यवसायीलाई महानगरपालिकाले कालो सूचिमा राख्न सक्नेछ। महानगरपालिकाबाट एक पटक कालो सूचिमा परेको कृषक/व्यवसायी/उद्यमी/संस्था कम्तिमा तीन वर्षको सम्मको लागि अनुदान कार्यक्रममा सहभागी हुन पाउने छैनन्।

६.३ अनुदान कार्यक्रममा सहभागी हुन कार्यबिधिमा नै तोकिएका कार्यक्रम बाहेक अन्य कार्यक्रममा फार्म/व्यवसाय दर्ता भएको मितिले कम्तिमा १ (एक) वर्ष अवधि पुरा गरेको हुनुपर्नेछ।

## अनुसूचि-१

## (प्रस्तावना निवेदनको ढाँचा)

मितिः ..................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
भरतपुर महानगरपालिका
भरतपुर, चितवन।

**विषयः प्रस्तावना पेश गरेको वारे।**

प्रस्तुत विषयमा त्यहाँ महानगरपालिकाबाट मिति ........................................ मा प्रकाशित पशु सेवा कार्यक्रममा प्रस्तावना पेश गर्ने वारेको सूचना अनुसार तपसिलको विवरण सहित ........................................ कार्यक्रमका लागि यो प्रस्तावना पेश गरेको/गरेका छु/छौं। मेरो/हाम्रो प्रस्तावना स्वीकृत भएमा महानगरपालिकाको नियमानुसारको कामकाज गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौं।

नगर प्रमुख

## तपसिल

१. फार्म/व्यवसाय/संस्थाको नामः

२. प्रोप्राइटर/अध्यक्षको नामः सम्पर्क नं.

३. ठेगानाः

४. फार्म दर्ता गरेको मितिः दर्ता नम्बरः फार्म दर्ता गरेको निकायः

५. हाल फार्ममा रहेका पशुहरूको संख्या

| | | | | | |
|---|---|---|---|---|---|
| गाइः | माउः | वहरः | बाच्छाः | बाच्छीः | |
| भैंसीः | माउः | राँगोः | पाडाः | पाडीः | |
| बाख्राः | माउः | वोकाः | पाठाः | पाठीः | खसीः |
| बंगुरः | माउः | विरः | पाठाः | पाठीः | |

८. घाँस लगाएको क्षेत्रफलः हिउँदेः वर्षेः वहुवर्षेः डालेघाँस संख्याः

९. दैनिक दुध उत्पादन लिटरः

१०. दैनिक दुध बिक्री लिटरः

११. वार्षिक खसी वोका बिक्री संख्याः जम्मा के.जि.

१२. वार्षिक प्रजनन् तथा पाल्नको लागि बिक्री वोका र बाख्री/पाठी संख्याः

१३. वार्षिक मासुको लागि बंगुर बिक्री संख्याः जम्मा के.जि.

१४. वार्षिक बंगुरका पाठापाठी बिक्री संख्याः

१५. पशु विमा गरेको संख्याः

१६. प्रजनन् व्यवस्थापनः प्राकृतिक गर्भाधान/कृत्रिम गर्भाधान

१७. पशुहरूलाई लगाएको खोपको विवरणः

१८. पशुहरूलाई परिजवी विरूद्ध औषधि खुवाएको विवरणः

१९. जैविक सूरक्षाको लागि अपनाएका विधिहरूः

२०. प्रस्ताव स्वीकृत भएको खण्डमा के के कार्यहरू गरिने हो ? कृयाकलापहरू र त्यसमा लाग्ने प्रस्तावित खर्च छुट्टै पानामा तयार गरी पेश गर्नुहोस्।

| क्र. सं. | कार्यहरू | इकाई | परिमाण | दर रू. | जम्मा रकम रू. | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कृषक | महानगर |
| | | | | | | | |

निवेदक

दस्तखतः

नामः

ठेगानाः

## अनुसूचि-२

**(प्रति लिटर दुधमा रू.३।– अनुदान कार्यक्रममा दिने निवेदनको ढाँचा)**

मितिः

श्री प्रमुखज्यू,

भरतपुर महानगरपालिका, भरतपुर, चितवन ।

**विषयः प्रति लिटर दुधमा रू. ३।- अनुदान कार्यक्रममा** सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मिति ........................... मा प्रकाशित सूचना अनुसार यस दु.उ.स.संस्था लि./फार्मले प्रति लिटर **दुधमा रू. ३।– अनुदान कार्यक्रममा** समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको विवरण भरी निवेदन पेश गरेका छौं । मेरो/हाम्रो प्रस्तावना स्वीकृत भएमा महानगरपालिकाको नियमानुसारको कामकाज गर्ने प्रतिवद्धता व्यक्त गर्दछु/छौं ।

**तपसिल**

१ कूल शेयर सदस्य संख्या ............ संस्थामा दुध विक्री गर्ने कृषक संख्याः .........

२ गत वर्ष वार्षिक दूध संकलन लिटरः ............

३ गत वर्ष कूल अधिकतम दूध संकलन ........महिना, ...........................लि.

४ गत वर्ष कूल न्यूनतम दूध संकलन ........महिना, .........................लि.

५ संस्थाबाट संकलित दूध बिक्री गरिने संस्था/संस्थान/आयोजना आदिको नाम र ठेगानाः
क) ............ ख) ............

६ वार्षिक साधारण सभा भएको प्रमाण

७ जम्मा संकलन केन्द्र संख्याः

८ मिल्क एन◌ालाईजरको प्रयोग भए/नभएको

९ रेकर्ड राख्न कम्प्यूटरको प्रयोग भए/नभएको

१० दुधको गुणस्तर परिक्षण गरी रेकड राख्ने÷जानकारी दिने गरे/नगरेको

११ आफ्नो चिलिङ सेन्टर भए/नभएको

१२ दुध विविधिकरण र विक्री वितरण गरे/नगरेको
गरेको भए कुन कुन पदार्थ बनाउने गरिन्छ ............दैनिक औषत परिमाण ..........
विक्री गर्ने बजार÷स्थल ..........

१३ पशु बिमा गरेको संख्याः.................... (विमालेखको प्रतिलिपी सलग्न गर्नुपर्नेछ ।)

१४ सहकारी दर्ता/नविकरणको प्रमाण

१५ कुनै प्रकारको कार्वाहीमा नपरेको वारेको स्वघोषणा

१६ कर चुक्ता प्रमाण पत्र

१७ अध्यक्षको नाम र मोवाइल नम्वरः

१८ तपिसलको फर्मेट अनुसारको विवरण

नगर प्रमुख

| क्र सं. | कृषकको नाम,थर | फोन नं | मासिक दुध खरिद रेकर्ड | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुण | चैत्र | बैशाक | जेष्ठ | असार | जम्मा |
| | | | | | | | | | | | | | | | |

**निवेदक**

दस्तखतः

नामः

ठेगानाः

## अनुसूचि-३

## प्रति लिटर दुधमा रू. ३।- अनुदान प्रस्तावनाको भेरिफिकेसन फर्मेट

**फार्म/संस्थाको नामः**

**ठेगानाः**

**अध्यक्ष/प्रोप्राइटरको नामः** **सम्पर्क नं.**

१. फार्म/संस्था दर्ता मितिः

२. फार्म/संस्था दर्ता गरेको निकायः दर्ता नम्बरः

३. सदस्य संख्याः

शेयर सदस्य जम्माः महिलाः पुरूषः

अन्य सदस्य जम्माः महिलाः पुरूषः

४. वार्षिक दुध उत्पादन/संकलन/कारोवार लिटरः

आ.व. २०७७/०७८ कोलाभान्वित कृषक संख्याः-

आ.व. २०७६/०७७ को

दुध बिक्री गरिने निकायः

निजि डेरी भएमा

जर्सि माउ गाई संख्याः-

होलस्टेन गाईको माउ संख्याः-

भैसिको माउ संख्याः-

५. यान्त्रीकरणः

चिलिङ्ग भ्याट भए/नभएको

मिल्क एनालाइजर भए/नभएको

कम्प्युटर भए/नभएको

दुध ढुवानीको साधन भए/नभएको

स्टेनलेस स्टीलका क्यान भए/नभएको

अन्य मेशिनरी/उपकरण भए खुलाउने

६. रोजगारी विवरणः

रोजगारी प्रदान गरेको जम्मा संख्याः महिलाः पुरूषः

७. सरसफाइ र गुणस्तर व्यवस्थापनः ठिकै/सामान्य/उत्तम/अतिउत्तम

८. पशु विमा गरेको संख्याः

९. दुग्ध पदार्थको विविधिकरण गरे/नगरेको

नगर प्रमुख

गरेको भए के के बनाउने गरेको परिमाण सहित खुलाउने

१०. वार्षिक साधारण सभा गरे/नगरेको

११. लेखा परिक्षण गरे/नगरेको

१२. दुध बिक्री गर्ने कृषकहरूको दैनिक अभिलेख राखे/नराखेको

१३. दुधको परिक्षण दैनिक रूपमा गरे/नगरेको

**अध्यक्ष/व्यवस्थापकको**

दस्तखतः

नामः

फार्मको छापः

**अनुगमनकर्ताको**

दस्तखतः

नामः

पदः

## अनुसूचि-४
## अनुदान प्रस्तावनाको मूल्यांकनका लागि फिल्ड भेरिफिकेसन चेक लिस्ट

**फार्मको नामः** **ठेगानाः**

**प्रोप्राइटरको नामः** **सम्पर्क नं.**

**१. शैक्षिक योग्यता/तालिमः**

१.१ शैक्षिक योग्यताः

१.२ हासिल गरेको तालिमको नामः

तालिमको अवधि (दिन)

तालिम दिने संस्थाको नाम/आयोजकः

तालिम लिएको स्थानः

**२. वैदेशिक रोजगारीमा गए/नगएको:**

गएको भए के के काम गरेको/अनुभवः

**३. पालेको पशु संख्याः**

३.१ गाइः माउ संख्याः जम्मा संख्या

३.२ भैंसीः माउ संख्याः जम्मा संख्याः

३.३ बाख्राः माउ संख्याः जम्मा संख्या

३.४ बंगुरः माउ संख्याः जम्मा संख्याः

३.५ कुखुराः

**४. उत्पादन विवरणः**

४.१ दैनिक दुध उत्पादन लिटरः वार्षिक दुध उत्पादन लिटरः

४.२ दैनिक दुध बिक्री लिटरः वार्षिक दुध बिक्री लिटरः

४.३ दुध बिक्री कहाँ गरिन्छ ?

४.४ वार्षिक खसी बोका बिक्री संख्याः (के.जि. ..... ....... )

४.५ वार्षिक बंगुर बिक्री संख्याः (के.जि. ............. )



नगर प्रमुख

४.६ वार्षिक कुखुरा बिक्री संख्याः (के.जि. .........) वार्षिक अण्डा बिक्री संख्याः

४.६ वार्षिक आम्दानी रू.

**५. गोठको संरचना**

५.१ सामान्य/व्यवस्थित

**६. प्रजनन् व्यवस्थापनः**

६.१ प्राकृतिक/कृत्रिम गर्भाधान गराउने गरेको

**७. स्वास्थ्य व्यवस्थापन**

७.१ संक्रामक रोग विरुद्ध खोप लगाउने गरे/नगरेको, के के खोप ?

७.२ परजिवी नियन्त्रण गर्ने गरे/नगरेको, कति कति महिनामा ?

७.३ जैविक सूरक्षा विधि अवलम्वन गरे/नगरेको,के के गरेको ?

**८. आहारा व्यवस्थापन**

८.१ निजी वा भाडाको जग्गामा घाँस खेती गरे/नगरेकोः

८.१.१ वर्षभरी घाँस खेती गरेको कूल क्षेत्रफलः

८.१.२ वर्षभरी खेती गर्ने गरेका घाँसका प्रजातीहरूः

हिउँदे प्रजातिहरूः

क्षेत्रफलः

वर्षे प्रजातिहरूः

क्षेत्रफलः

वहुवर्षे प्रजातिहरूः

क्षेत्रफलः

डालेघाँस प्रजातिहरूः

संख्याः

८.२ साइलेज बनाएर खुवाउने गरे/नगरेको

८.३ उत्पादन लागत कम गर्न अपनाइएको अन्य विधि/प्रविधिहरूः

**९. अन्य व्यवस्थापनः**

९.१ गोठको सरसफाइ अवस्थाः ठिकै/सामान्य/उत्तम/अतिउत्तम

९.२ सबै पशु विमा गरे/नगरेको, कति पशु विमा गरेको ?

९.३ दुध दुहुने र बिक्रीको लागि स्टेनलेस स्टिलका भाँडा प्रयोग गरे/नगरेकोः

**१०. प्रस्तावना पेश गरेको कार्यक्रमकोः**

१०.१ नामः

१०.२ माग गरेको परिमाणः

**११. यसअघि पशुपन्छीपालन सम्बन्धि अनुदान पाए/नपाएकोः**

पाएको भए के कार्यक्रममा पाएको ?

कति रकम पाएको ? रू.

कुन निकायबाट पाएको ?

**१२. अनुगमनकर्ताले महशुस गरेका अन्य विषयहरू उल्लेख गर्नुहोस्**

<u>कृषक/प्रतिनिधिको</u> <u>अनुगमनकर्ताको</u>

नगर प्रमुख

दस्तखतः
नामः

दस्तखतः
नामः
पदः

फार्मको छापः

अनुसूचि-५

प्रस्तावना मूल्यांकनका आधारहरू

## ५.१ प्रति लिटर दुधमा रू. ३।- अनुदान कार्यक्रम

फार्म/संस्थाको नामः ठेगानाः

प्रोप्राइटर/अध्यक्षको नामः सम्पर्क नं.

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | फार्म/संस्थाको जेष्ठता (१ वर्षसम्म २ र प्रत्येक थप १ वर्षका लागि थप २ का दरले) | १०.0 | |
| २ | सदस्य संख्या (२५ सम्म ६, २६-५० सम्म ८ र ५० माथि १०) | १०.० | |
| ३ | दैनिक दुध संकलन/कारोवार (१०० लि सम्म ६, थप प्रत्येक २०० लि. वापत थप ३ का दरले अधिकतम २०) | २०.० | |
| ४ | यान्त्रीकरण (चिलिङ्ग भ्याट, मिल्क एनालाइजर, कम्प्युटर, ढुवानी साधन र स्टेनलेस स्टिलका क्यानका लागि प्रत्येक मेशिनरीका लागि ४ का दरले अधिकतम २०) | २०.० | |
| ५ | रोजगारी प्रदान ( ३ जनासम्मलाई ५ र ३ भन्दा बढी भए१०) | १०.० | |
| ६ | सरसफाई (ठिकै ४, सामान्य ६, उत्तम ८ र अति उत्तम १०) | १०.० | |
| ७ | पशु विमा गरेको | १०.० | |
| ८ | दुग्ध पदार्थ विविधिकरण गरेको (विविधिकरण गरी बिक्री गरेको ५, प्याकेजिङ्ग सहित बिक्री गरेको थप ५) | १०.० | |
| | **जम्मा** | १०० | |

## ५.२ यूवा लक्षित कार्यक्रम

फार्मको नामः ठेगानाः

प्रोप्राइटरको नामः सम्पर्क नं.

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | फार्मको जेष्ठता (१ वर्षसम्म २ र प्रत्येक थप १ वर्षका लागि थप १का दरले) | ५.0 | |
| २ | पशुपन्छी र मत्स्य विषयक तालिम लिएको (३ दिने तालिम ३, १ हप्ते ४ र २ हप्ते वा सो भन्दा बढी ५) | ५.० | |
| ३ | वैदेशिक रोजगारी (अन्य क्षेत्रको अनुभव ३, पशुपन्छी र मत्स्य सम्बन्धि ५) | ५.० | |
| ४ | माउ संख्या (भेडाबाख्राः १० माउको ३ अंक र प्रत्येक थप ३ माउको १ अंकका दरले अधिकतम १०,बंगुरः ५ माउको ४ अंक र प्रत्येक २ माउको १ अंकका दरले अधिकतम १०) | १०.० | |
| ५ | वार्षिक मासु उत्पादन (प्रति खसीबोका जिवित तौल ३० केजि सम्म ५ र प्रत्येक थप २ | १०.० | |

| | | | |
|---|---|---|---|
| | केजिको १ का दरले अधिकतम १०, प्रति बंगुर १०० केजिसम्म ५ र प्रत्येक थप १० केजिको १ का दरले अधिकतम १०) | | |
| ६ | खोरको संरचना (सामान्य ५, व्यवस्थित १०) | १०.० | |
| ७ | प्रजनन् व्यवस्थापन (प्राकृतिक गर्भाधान ५, कृत्रिम गर्भाधान १०, दुवै भए ७.५) | १०.० | |
| ८ | स्वास्थ्य व्यवस्थापन (खोप ३, परजिवी नियन्त्रण ३ र जैविक सूरक्षा व्यवस्थापन ४ गरी जम्मा १०) | १०.० | |
| ९ | आहारा व्यवस्थापनः<br>बाख्राः प्रतिकट्ठा घाँस खेतीका लागि १ का दरले अधिकतम १०, साइलेज बनाएर प्रयोग गरेको ५ र उत्पादन लागत कम गर्ने आहाराका प्रविधिको प्रयोग ५ गरी जम्मा २०<br>बंगुरः Waste material को प्रयोग १०, Low cost feed को प्रयोग ५ र उत्पादन लागत कम गर्ने आहाराका प्रविधिको प्रयोग ५ गरी जम्मा २० | २०.० | |
| १० | सरसफाई (ठिकै २, सामान्य ३, उत्तम ४ र अति उत्तम ५) | ५.० | |
| | **जम्मा** | १०० | |

नगर प्रमुख

५.३ **अन्य पशु सेवा कार्यक्रम**

फार्मको नामः ठेगानाः

प्रोप्राइटरको नामः सम्पर्क नं.

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १ | फार्मको जेष्ठता (१ वर्षसम्म २ र प्रत्येक थप १ वर्षका लागि थप १का दरले) | ५.0 | |
| २ | पशुपन्छी र मत्स्य विषयक तालिम लिएको (३ दिने तालिम ३, १ हप्ते ४ र २ हप्ते वा सो भन्दा बढी ५) | ५.० | |
| ३ | वैदेशिक रोजगारी (अन्य क्षेत्रको अनुभव ३, पशुपन्छी र मत्स्य सम्बन्धि ५) | ५.० | |
| ४ | माउ संख्या<br>**ठूला कृषकः**<br>गाईभैंसी२० सम्म ५ र प्रत्येक ३ माउको १ का दरले अधिकतम १०<br>भेडाबाख्राः ३० सम्म ५ र प्रत्येक ३ माउको १ का दरले अधिकतम १०<br>बंगुरः १५ सम्म ५ र प्रत्येक ३ माउको १ का दरले अधिकतम १०<br>**मझौला कृषक**<br>गाइभैंसीः १० सम्म ५ र प्रत्येक २ माउको १ का दरले अधिकतम १०<br>भेडाबाख्राः २० सम्म ५ र प्रत्येक २ माउको १ का दरले अधिकतम १०<br>बंगुरः १० सम्म ५ र प्रत्येक २ माउको १ का दरले अधिकतम १०<br>**साना कृषक**<br>गाइभैंसीः ५ सम्म ५ र प्रत्येक १ माउको १ का दरले अधिकतम १०<br>बाख्राः १० सम्म ५ र प्रत्येक २ माउको १ का दरले अधिकतम १०<br>बंगुरः ५ सम्म ५ र प्रत्येक १ माउको १ का दरले अधिकतम १० | १०.० | |

नगर प्रमुख

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| ५ | उत्पादकत्व विवरण<br>दुध लि.(प्रतिमाउ ५ सम्म ४, ५.१-७.५ को ६, ७.६-१० को ८ र १० माथि १०<br>मासु केजि (प्रति खसीवोका ३५ सम्म ४ र प्रत्येक थप ५ केजिको २ का दरले अधिकतम १० र प्रति बंगुर १०० सम्म ४ र प्रतयेक थप ३० केजिको २ अंकका दरले अधिकतम १०) | १०.० | |
| ६ | गोठको संरचना (सामान्य ३, व्यवस्थित ५) | ५.० | |
| ७ | प्रजनन् व्यवस्थापन (प्राकृतिक गर्भाधान ५, कृत्रिम गर्भाधान १०, दुवै भए ७.५) | १०.० | |
| ८ | स्वास्थ्य व्यवस्थापन (खोप ३, परजिवी नियन्त्रण ३ र जैविक सूरक्षा व्यवस्थापन ४ गरी जम्मा १०) | १०.० | |
| ९ | आहारा व्यवस्थापन(प्रतिकठ्ठा घाँसखेतीको १ का दरले अधिकतम 10, साइलेज बनाएर खुवाउने गरेको 5 र उत्पादन लागत कम गर्न अपनाइएको अन्य प्रविधिहरू 5) | २०.० | |
| १० | गोठको सरसफाई (ठिकै 2, सामान्य 3, उत्तम 4 र अतिउत्तम 5) | ५.० | |
| ११ | पशु विमा गरेको | १०.० | |
| १२ | दुध दुहने र बिक्रीको लागि स्टेनलेस स्टीलका भाँडाको प्रयोग | ५.० | |
| | जम्मा | १०० | |

## अनुसुचि ६

लिखितम भरतपुर महानगरपालिका वडा नं ............मा संचालित ............................................फार्मका संचालक श्री.............................................................................ले भरतपुर महानगरपालिकामा पेश गर्नु भएको........................................ ....... कार्यक्रम मुल्याङ्कन समितिको मिति ..................................... ....को निर्णय अनुसार छनौटमा परेकोले ................................................ कार्यक्रम सझौता अनुसारको काम समयमानै सम्पन्न गरेको ठिक साचौ हो । सो फर्मका संचालक श्री. . . . . . . ..............................लाई नियमानुसारको रकम भुक्तानि दिदा कुनै फरक पर्दैन फरक परेमा कानुन बमोजिम सहौला बुझौला ।

सम्बन्धित कार्यक्रम संचालन गर्ने फर्म संचालक वा कृषक श्री. . .

भरतपुर महानगरपालिका वडा नं . . ..बस्ने बर्ष ... ..का श्री. . .

भरतपुर महानगरपालिका वडा नं . . ..बस्ने बर्ष ... ..का श्री. . .

भरतपुर महानगरपालिका वडा नं . . ..बस्ने बर्ष ... ..का श्री. . .

भरतपुर महानगरपालिका वडा नं . . ..बस्ने बर्ष ... ..का श्री. . .

सम्बन्धित वडाको जनप्रतिनिधि

गोहवर ः

सम्वन्धित पशु सेवा केन्द्र. . .का सेवा केन्द्र प्रमुख श्री.. . . . . .

पशु सेवा केन्द्रको छाप

नगर प्रमुख

नोटः अनुसूचिहरूमा उल्लेखित प्रस्तावना मूल्यांकनका आधारहरुका सन्दर्भमा उल्लिखित आधारहरुको मूल शिर्षकको पूर्णाङ्कमा कुनैपनि प्रकारको असर नपर्ने गरी कार्यक्रमको उद्देश्य र मर्म अनुसार मूल्याङ्कन शिर्षकको उचित व्यवस्थापन गर्न सकिने छ । यसरी व्यवस्थापन गर्नु पर्ने अवस्था आएमा सो विषय आर्थिक विकास समितिको बैठकमा पेश गरी बैठकबाट निर्णय भए अनुसार वा प्रमुख प्रशासकिय अधिकृत बाट स्विकृत गराई गर्न सकिने छ ।

नगर प्रमुख